Public Disclosure Authorized
Public Disclosure Authorized
Public Disclosure Authorized
Public Disclosure Authorized

WORLD BANK GROUP

# आर्थिक विकासका लागि नेपाली प्रतिभाको प्रवर्द्धन

नेपालको मानव पूँजी समीक्षा



© २०२५ नेपालको मानव पूँजी समीक्षा/ विश्व बैंक
१८१८ एच स्ट्रीट एनडब्ल्यू
वाशिंगटन डीसी २०४३३
टेलिफोनः २०२-४७३-१०००
इन्टरनेटः www.worldbank.org

यो काम बाह्य योगदानसहित विश्व बैंकका कर्मचारीहरूको उत्पादन हो । यस काममा व्यक्त गरिएका निष्कर्ष, व्याख्या र निष्कर्षहरूले विश्व बैंक, यसको कार्यकारी निर्देशक बोर्ड, वा उनीहरूले प्रतिनिधित्व गर्ने सरकारहरूको विचारलाई प्रतिविम्बित गर्दैनन् ।

विश्व बैंकले यस काममा समावेश गरिएको डेटाको शुद्धता, पूर्णता वा मुद्राको ग्यारेन्टी गर्दैन र सूचनामा कुनै पनि त्रुटि, छुट, वा विसंगति, वा जानकारीको प्रयोग वा प्रयोग गर्न असफलताको सम्बन्धमा दायित्व, विधि, प्रक्रिया, वा निष्कर्षहरूको लागि जिम्मेवारी लिँदैन । यस कार्यमा देखाइएका सीमाना, रङ, सम्प्रदाय, लिङ्क/फुटनोट र अन्य जानकारीले कुनै पनि क्षेत्रको कानुनी स्थिति वा त्यस्ता सीमाहरूको समर्थन वा स्वीकृतिको बारेमा विश्व बैंकको तर्फबाट कुनै निर्णयलाई संकेत गर्दैन । अरूद्वारा लिखित कार्यहरूको उद्धरणको अर्थ विश्व बैंकले ती लेखकहरूले व्यक्त गरेका विचारहरू वा तिनीहरूको कार्यहरूको सामग्रीलाई समर्थन गर्दछ भन्ने होइन ।

यहाँ कुनै पनि कुराले विश्व बैंकको विशेषाधिकार र उन्मुक्तिहरूको सीमा वा छूटको रूपमा गठन वा व्याख्या वा मानिने छैन, जुन सबै विशेष रूपमा आरक्षित छन ।

नोटः यस प्रतिवेदनको मुल स्वरुप अँग्रेजीमा लेखिएको हुनाले, विश्लेषण तथा तथ्यांकहरुको दुरुस्त तथा पूर्ण विवरणका लागि अँग्रेजी संस्करण हेर्नुहोस् ।

## अधिकार र अनुमतिहरू

यस कार्यमा रहेको सामग्री प्रतिलिपि अधिकारको अधीनमा छ । किनकि विश्व बैंकले आफ्नो ज्ञानको प्रसारलाई प्रोत्साहन गर्दछ, यस कार्यलाई पूर्ण श्रेय दिएर गैर-व्यावसायिक उद्देश्यका लागि पूर्ण वा आंशिक रूपमा पुनः उत्पादन गर्न सकिन्छ ।

सहायक अधिकारहरू सहित अधिकार र इजाजतपत्रहरूमा कुनै पनि प्रश्नहरू विश्व बैंक प्रकाशनहरू, विश्व बैंक समूह, १८१८ एच स्ट्रिट एनडब्ल्यू, वाशिंगटन, डीसी २०४३३, संयुक्त राज्य अमेरिकामा सम्बोधन गरिनुपर्छ; फ्याक्सः २०२-५२२-२६२५; इमेलः pubrights@worldbank.org



© Simone D. McCourtie/World Bank

# विषयसूची


आभार ४

१. परिचय ५

२. मानव पूँजीको सञ्चय: नेपाली युवा र भावी कार्यबलको सम्भावना के-कस्तो छ ? ७

नेपालमा न्यून मानव पूँजी सूचकाङ्कको कारक के हो ? ९

नेपालमा शिक्षा र स्वास्थ्यका परिणामहरू किन कमजोर भइरहेका छन् ? १२

३. मानव पूँजीको उपयोग : हाल श्रम बजारमा रहेको मानव पूँजी कत्तिको प्रयोग हुन्छ ? १७

नेपालमा न्यून उपयोग-समायोजित मानव पूँजी सूचकाङ्कको कारक के हो ? २०

नेपालमा श्रमशक्तिको सहभागीता दर किन कम छ ? २१

४. निष्कर्ष: हामी नेपाली युवाहरूलाई आफ्नो पूर्ण क्षमता र सम्भाव्यता हासिल गर्न कसरी सहयोग गर्न सक्छौं ? २५

सन्दर्भ सूची ३०

# आभार

यो प्रतिवेदन मोनिका यानेज पगन्स, जस्मिन राजभण्डारी तथा ममता घिमिरेको नेतृत्वमा रहेको विश्व बैंकको टोलीले तयार गरेको हो। उक्त टोलीमा इमानुएल भाजक्वेज, गेब्रियल अरेन्ज, सुरवी भण्डारी, पावला पोलाङ्को, योसिहिरो साइतो र सोयश लाखे पनि आवद्ध थिए। यसमा आयसा भाउदा, सङ्गीता क्यारोल पिन्टो, सचिको कताओका, माया शेर्पा, ज्योतिमाया पाण्डे, लोकेन्द्र फडेरा, मोहम्मद एहसान अजवाद, अन्ना कोजील, मोहन अर्याल, ओजस्वी शमसेर जबरा, प्रशान्त राज पाण्डे र अनुपमा शाक्य लगायतको महत्वपूर्ण योगदान रहेको छ। प्रतिवेदनले सहकर्मी समीक्षकहरू पाब्लो अकोस्टा, जर्ज कोरासा, मरीना बसी, भिक्टोरिया लेभिन र मानव भट्टराईको अर्थपूर्ण टिप्पणी र प्रतिक्रिया पनि प्राप्त गरेको थियो।

यस अध्ययनका लागि प्रयोग गरिएको नेपाल जीवन स्तर सर्वेक्षण (चौंथो) २०२२-२०२३ सुक्ष्म कोरा तथ्याङ्कको पहुँचका लागि हामी राष्ट्रिय योजना आयोग र राष्ट्रिय तथ्याङ्क कार्यालयलाई विशेष धन्यवाद दिन चाहन्छौं। यस प्रतिवेदनका लागि प्रसार सामग्रीहरू निर्माणमा पुऱ्याएको सहयोगका लागि इन्सेसन्ट रेन प्रति पनि आभारी छौं। सराहनीय प्रशासनिक सहयोगका लागि महिमा मानन्धर र हरमिन्दर सिंह, सञ्चार रणनीतिमा गरेको कामका लागि आकाश श्रेष्ठ र अविनाशी पौडेल र उत्कृष्ट ग्राफिक डिजाइनमा पुऱ्याएको योगदानका लागि आलेहान्द्रो एस्पिनोसालाई विशेष धन्यवाद।

प्रतिवेदन डेभिड एन. सिस्लेन (माल्दिभ्स, नेपाल र श्रीलंकाका लागि विभागीय राष्ट्रिय निर्देशक), स्टेफेनो पितनोस्त्रो (पिपुल, दक्षिण एशियाका कार्यवाहक क्षेत्रीय निर्देशक), निकोल क्लिङ्गेन (पिपुल, दक्षिण एशियाका पूर्व क्षेत्रीय निर्देशक), केइको इनौ (प्राक्टिस म्यानेजर, एजुकेसन ग्लोबल प्राक्टिस, दक्षिण एशिया), सेम मेटे (प्राक्टिस म्यानेजर, सोसल प्रोटेक्सन ग्लोबल प्राक्टिस, दक्षिण एशिया), फेङ झाओ (प्राक्टिस म्यानेजर, हेल्थ, न्युट्रिसन एण्ड पपुलेसन ग्लोबल प्राक्टिस, दक्षिण एशिया), आयशा भाउदा (माल्दिभ्स, नेपाल र श्रीलंकाका लागि पिपुल प्रोग्राम लिडर) र रेने लियोन सोलानो (माल्दिभ्स, नेपाल र श्रीलङ्का पूर्व पिपल प्रोग्राम लिडर) को मार्गदर्शनमा तयार गरिएको हो।

# १. परिचय

नेपालको मध्य पहाडी भेगको एउटा सानो गाउँ रिब्दीकोटमा बस्ने ५ वर्षीया सुजाता खुसी छिन् । उनले एक दिन डाक्टर बन्ने सपना देखेकी छिन् । उनलाई साथीहरूसँग खेल्न, आफ्नो कुकुरसँग समय बिताउन र परिवारको अदुवा खेतीमा सघाउन मनपर्छ । दुःखको कुरा सुजाताको भविष्यमा डाक्टर बन्ने सपना केवल सपनामै सीमित रहन सक्छ ।

सुजाताको परिवार गरिबीको चपेटामा छ । उनकी आमा घरको हेरचाह गर्छिन् भने बा अदुवा खेतीमा काम गर्छन् । विगतमा उनले स्वास्थ्य सम्बन्धी समस्या भोग्नु परेको थियो । उनको परिवारले आवश्यक परेको बेला स्वास्थ्य उपचारका लागि टाढा रहेको क्लिनिकसम्म पु्याउन र खर्च जुटाउन सकेकाले उनी भाग्यशाली रहिन् । आजभोलि मौसमको ढाँचा परिवर्तन भइरहेको छ । यसले खेतीबालीलाई असर गर्छ जसको कारण उक्त खेती उनको परिवारको स्थिर आय स्रोत हुन सक्दैन । उनी फेरि बिरामी भइन् भने के होला भनेर बाआमा प्रायः चिन्ता लिईरहन्छन् ।

सुजाताले अब छिट्टै प्राथमिक शिक्षा सुरु गर्नेछिन् । उनी पढ्न, लेख्न र सिक्न आतुर छिन् । पहिला उपचार गरी आफूलाई सहयोग गर्ने जस्तै डाक्टर बन्ने यात्राको सुरुवात हुनेछ भन्नेमा आशावादी छिन् । आफूले प्राथमिक तहको शिक्षा पूरा गर्न नसकेका कारण सुजाता छिट्टै स्कुल जाने कुराले बाआमा पनि दङ्ग छन् । स्कुल जानुले उनको जीवनमा के परिवर्तन ल्याउला त ? उनीहरू यस्तै सोच्ने गर्छन् । के सुजाताले माध्यमिक तहको शिक्षा सफलतापूर्वक पूरा गर्न आवश्यक आधारभूत शिक्षा प्राप्त गर्न सक्लिन् त ? त्यसो हो भने, उनले माध्यमिक तहसम्मको शिक्षा पूरा गरेपछि बजारमा उनका लागि रोजगारीका अवसरहरू होलान् ?

नेपालको मानव पूँजी समीक्षा (NHCR) ले सुजाताको जीवनलाई नेपालमा खेर गइरहेका प्रतिभा र उत्पादकत्व सम्बन्धी विस्तृत कथासँग जोडेर हेर्छ । यो प्रतिवेदनले नेपाली बालबालिकाहरू हुर्कने अवस्थाहरू केलाउँदै वयस्क हुँदा उनीहरूले हासिल गर्न सक्ने सम्भावना र उत्पादकत्वको मूल्याङ्कन गरी सुजाताको जीवनमा 'यसो भयो भने कसो होला?' भन्ने बारे छलफल गर्दछ । यसले निम्न प्रश्नहरू उठाउँछ : नेपालले हरेक बालबालिकालाई गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाहरू प्रदान गर्ने हो र सोहीअनुसार लगानी गर्ने हो भने उत्पादकत्वमा यसले कस्तो प्रभाव पार्ला ? नेपालमा के कति सम्भाव्य उत्पादकत्व खेर जान्छ र यस्तो सम्भाव्यता खेर नजाओस् भन्नका लागि के-कस्ता कुराहरू परिवर्तन गर्न आवश्यक छ ?

यस प्रतिवेदनले नेपालको सन् २०१० र २०२३ को बीचको मानव पूँजी सञ्चय र उपयोगको विकासको विश्लेषण गरेर यी प्रश्नहरूको सम्बोधन गरेको छ । उत्पादकत्व र आर्थिक वृद्धि गर्ने र गरिबी न्यूनीकरण र साझा समृद्धिमा योगदान पु्याउने श्रोत रहेको मानव पूँजी श्रमिकहरूको जीवनको अनुभव र सीपहरूको आर्थिक मूल्य हो ।[1] मानव पूँजीको सञ्चय र उपयोगले कुनै राष्ट्रले मानव पूँजी कसरी प्राप्त गर्छ र सोको प्रयोग कसरी गर्छ भन्ने विभिन्न पक्षहरूको मापन गर्दछ ।

- **मानव पूँजी सञ्चय**ले आर्थिक मूल्य उत्पादन गर्ने व्यक्तिको क्षमता बढाउन सीप, ज्ञान, अनुभव र विशेषताहरू प्राप्त गर्ने प्रक्रियालाई जनाउँछ । यो निम्नद्वारा प्राप्त गर्न सकिन्छ :
  - *शिक्षा* : मानिसलाई ज्ञान र संज्ञानात्मक सीपहरू प्रदान गर्ने औपचारिक विद्यालय शिक्षा र प्रशिक्षण कार्यक्रमहरू । यसका साथै सञ्चार, नेतृत्व र समालोचनात्मक सोच जस्ता व्यक्तिगत सीपहरू सुधार गर्ने गतिविधिहरू ।
  - *स्वास्थ्य* : मानिसहरू आफ्नो कार्य सम्पादन गर्न शारीरिक र मानसिक रूपमा सक्षम छन् भनेर सुनिश्चित गर्ने स्वास्थ्य सेवामा लगानी ।
- *जागिर भित्र दिइने प्रशिक्षण र कार्य अनुभव* : काम अनुसारको सीप र दक्षताको सुधार गर्ने जागिर भित्रै प्राप्त व्यावहारिक प्रशिक्षण र अनुभव ।

१ हनुशेक र वोसम्यान (२०२०), फ्लेबी र गेटी (२०१८), र जोन्स (२०१४) ।

- **मानव पूँजीको उपयोग**ले आर्थिक मूल्य सिर्जना गर्न सञ्चित मानव पूँजी कतिको प्रभावकारी रूपमा प्रयोग गरिन्छ भन्ने बुझाउँछ । यो व्यक्तिको मानव पूँजीलाई कुन हदसम्म उत्पादनमूलक प्रयोगमा ल्याइएको छ भन्ने कुरामा केन्द्रित रहन्छ । मानव पूँजी उपयोगका मुख्य पक्षहरू निम्न छन्:
  - *रोजगारीका दरहरू* : काम गर्न सक्ने उमेरका काम गरिरहेको जनसंख्याको अनुपात ।
  - *मेल खाने सीप* : मानिसको सीप र उनीहरूको कामको माग बीचको मेल । मानिसले आफ्नो सीप र विशेषज्ञतासँग मेल खाने काम पाए भने उत्पादकत्व बढाउन सक्छन् ।

मानव पूँजीको सञ्चय र उपयोग मापन गर्न विश्व बैंकले दुई वटा मेट्रिक्सको विकास गरेको छ :

- मानव पूँजी सूचकाङ्क (एचसीआई) ले शिक्षा र स्वास्थ्य अवस्थाको हालको पहुँच र गुणस्तर उस्तै रहेको खण्डमा आज जन्मेको बच्चाको १८ वर्ष उमेरको हुँदासम्मको भविष्यको उत्पादकत्व मापन गर्दछ ।
- उपयोग-समायोजित मानव पूँजी सूचकाङ्क (युएचसीआई) ले शिक्षाको हालको पहुँच एवं गुणस्तर, स्वास्थ्य अवस्था र रोजगारी दर उस्तै[२] रहेमा आज जन्मेका बच्चाको १८ वर्षको उमेरको हुँदासम्म हुने भविष्यको उत्पादकत्व मापन गर्दछ ।

प्रतिवेदनले नेपालको चिन्ताजनक वास्तविकता उजागर गरेको छ । नेपालमा आज जन्मेको बच्चाले वयस्क हुँदासम्म आफ्नो सम्भावित भविष्यको उत्पादकत्वको आधा हिस्सा मात्र प्राप्त गर्ने अनुमान गरिएको छ (मानव पूँजी सूचकाङ्क) । रोजगारीको दरलाई मध्यनजर गर्दा यो सम्भाव्यता झन् तल खसेर १८ प्रतिशतमा आउँछ (उपयोग-समायोजित मानव पूँजी सूचकाङ्क) । यो स्पष्ट निष्कर्षले नेपालले मानव पूँजीमा निकै कम लगानी गरिरहेको र यहाँ रहेका प्रतिभाको पूर्ण उपयोग गर्न असफल भएको सङ्केत गर्छ। यसले गर्दा देशभर सम्भावनाको ठुलो क्षति हुन्छ र सुजाता र उनका साथीहरूलाई उनीहरूको पूर्ण सम्भाव्यता हासिल गर्नबाट बञ्चित गर्दछ ।

नेपालको न्यून मानव पूँजी सूचकाङ्क र उपयोग-समायोजित मानव पूँजी सूचकाङ्क निम्न लगायतका थुप्रै किसिमका संरचनात्मक चुनौतीका परिणाम हुन्: (क) न्युन र कमजोर तरिकाले व्यवस्थापन गरिएको सामाजिक सार्वजनिक खर्च, जसले स्थानीय सरकारहरूलाई प्रभावकारी रूपमा आवश्यक शिक्षा र स्वास्थ्य सेवाहरू प्रदान गर्न कठिनाइ सिर्जना हुनु । (ख) रोजगारीको सिर्जना गर्न र आर्थिक वृद्धि प्रवर्द्धन गर्न आवश्यक पर्ने लघु उद्यम एवं साना तथा मझौला व्यावसायहरूको पूँजीमा सीमित पहुँच हुनु र (ग) मानव पूँजी सञ्चय र उपयोगलाई प्रभावकारी रूपमा टेवा पुऱ्याउने क्षमतामा बाधा सिर्जना गर्ने गरीसामाजिक सुरक्षा कार्यक्रमहरू खण्डिकृत अवश्थामा रहनु ।

यी यावत् समस्याहरूलाई सम्बोधन गर्न नेपालले आफ्ना जनता र जनताको भविष्यमा अझ धेरै प्रभावकारी रूपमा लगानी गर्न आवश्यक छ । तब मात्र सुजाता र आगामी पुस्ताका नेपाली कामदारहरूले आफ्नो पूर्ण क्षमता र सम्भाव्यताको महसुस गर्ने, प्रतिभा मौलाउने र सबैका लागि अझै समृद्ध नेपाल निर्माणमा योगदान गर्ने अवसर पाउने छन् ।

२ उपयोग-समायोजित मानव पूँजी सूचकाङ्कहरू आधारभूत र पूर्ण गरी दुई किसिमका हुन्छन् । यस मानव पूँजी समीक्षामा रिपोर्ट गरिएका तथ्याङ्कहरू आधारभूत उपयोग-समायोजित मानव पूँजी सूचकाङ्कमा आधारित छन् जसलाई हामी संक्षेपमा युएचसीआई भन्ने गर्छौं । पूर्ण उपयोग-समायोजित मानव पूँजी सूचकाङ्कले रोजगारी संख्यालाई मात्र नभएर गुणस्तरलाई पनि ध्यान दिन्छ । मानव पूँजी सूचकाङ्क र उपयोग-समायोजित मानव पूँजी सूचकाङ्क दुवै मानव पूँजीको उपयोग र सञ्चयका प्रतिनिधि उपाय मात्र हुन् । यिनले मानव पूँजीको जटिल र बहुआयामिक प्रकृतिलाई पूर्ण रूपमा समेट्दैनन् ।

# २. मानव पूँजीको सञ्चय: नेपाली युवा र भावी कार्यबलको सम्भाव्यता के-कस्तो छ ?

**मानव पूँजी सूचकाङ्कले मानव पूँजीको सञ्चय र भावी पुस्ताका कामदारहरूको सम्भावित उत्पादकत्वको मापन गर्दछ।** यो सूचकाङ्क बच्चाको आयु (जीवन रक्षा), शिक्षा र स्वास्थ्य जस्ता तीन उपघटकहरूको आधारमा गणना गरिन्छ। यो ० देखि १ (बाकस १) सम्मको दायरामा हुन्छ। औसत बच्चाले पाँच वर्ष पुग्नु अघि मृत्युको कुनै जोखिमको सामना गर्नु नपर्ने, उच्च गुणस्तरको शिक्षा प्राप्त गर्ने र वयस्कहरू स्वस्थ रहने राष्ट्रहरूमा मानव पूँजी सूचकाङ्क १ को नजिक रहन्छ। अर्कोतर्फ, बच्चाहरू कुपोषण वा गम्भीर स्वास्थ्य अवस्था वा अकाल मृत्युको जोखिममा छन्, उनीहरूको उच्च गुणस्तरीय शिक्षाको पहुँच सीमित छ र वयस्कको आयुदर न्यून भएमा मानव पूँजी सूचकाङ्क शुन्यको नजिक रहन्छ। उच्च मानव पूँजी सूचकाङ्कले बच्चाहरूको हालको पुस्ता (र भविष्यका कामदारहरू) आफ्नो पूर्ण सम्भाव्यता र क्षमता प्राप्त गर्न र श्रम बजारमा प्रवेश गर्दा उल्लेख्य रूपमा उत्पादनमूलक बन्ने लयमा छन् भन्ने सङ्केत गर्छ।

**हाल नेपालको मानव पूँजी सूचकाङ्क .५० रहेको छ।** यसको अर्थ आज जन्मेका नेपाली बच्चाहरूले देशमा शिक्षा र स्वास्थ्य सेवाको पहुँच र गुणस्तरमा कमी भएका कारण वयस्क हुँदा आफ्नो उत्पादकत्व सम्भाव्यता र क्षमताको आधा मात्र प्राप्त गर्ने छन् भन्ने हुन्छ।[३] सुजाताको हकमा उनले डाक्टर बन्न सघाउने आफ्ना सीप र पहुँचका अवसरहरू विकास गर्ने सम्भावना एकदमै कम छ। एउटा राष्ट्रको हैसियतमा नेपालले पनि उच्च आय भएका राष्ट्रका बालबालिकाहरूलाई दिइने शिक्षा र स्वास्थ्य सेवाहरूको पहुँच र गुणस्तर सरह सुविधा दिन सके नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन लगभग दोब्बर हुन सक्छ **(रेखाचित्र १)**।

**रेखाचित्र १:** नेपालको मानव पूँजी सूचकाङ्क, २०२०




*स्रोत:* विश्व बैंकको मानव पूँजी सूचकाङ्क, २०२० डाटाबेस। मानव पूँजी सूचकाङ्क अनुमानका लागि प्रयोग गरिएको नेपालको तथ्याङ्कमा निम्न कुराहरू पर्छन् : ५ वर्ष उमेरसम्मको आयुदर संयुक्त राष्ट्रसंघको बाल मृत्युदर सम्बन्धी अनुमान गर्ने अन्तर-एजेन्सी समूह (आइजीएमई) द्वारा सेप्टेम्बर २०१९ मा गरिएको ५ वर्ष मुनिका मृत्युदर अनुमानको अद्यावधिकबाट प्राप्त गरिएको हो जुन २०१९ सँग सम्बन्धित छ। गम्भीर स्वास्थ्य जोखिम नरहेका ५ वर्ष मुनिका बालबालिकाहरूको अनुपात बाल कुपोषण सम्बन्धी युनिसेफ, विश्व स्वास्थ्य संगठन, विश्व बैंकको संयुक्त अनुमान (डाटाबेस) को सन् २०२० मार्चको अद्यावधिकबाट प्राप्त गरिएको हो। यसलाई सन् २०१६ को जनसांख्यिकीय र स्वास्थ्य सर्वेक्षण (डिएचएस) को तथ्याङ्कमा आधारित रहेर अनुमान गरिएको छ। १५-६० वर्षको उमेरसम्मको आयुदर संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम वर्ल्ड पपुलेसन प्रस्पेट्सको मार्च २०१९ को अद्यावधिकबाट प्राप्त भएको हो। यो २०१८ को तथ्याङ्कमा आधारित पाँच वर्षको अवधिको लागि उमेर अनुसार मृत्यु दरको ढाँचाको अनुमान हो। विद्यालय शिक्षाको अपेक्षित वर्षहरू युनेस्को तथ्याङ्क संस्थानबाट सन् २०१९ को भर्ना सम्बन्धी तथ्याङ्कमा आधारित विश्व बैंकका कर्मचारीहरूको अनुमानबाट प्राप्त भएका हुन् (दोहोरिएका अनुमानहरूलाई समायोजन गरिएको छ)। समन्वित परीक्षणका स्कोरहरू प्रारम्भिक कक्षाको पठन मूल्याङ्कन (एग्रा) २०१४ अनुसार हिसाब गरिएको छ।

**गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको कम पहुँचका कारण नेपालमा आज जन्मेको बच्चाले वयस्क भइसक्दा आफ्नो सम्भाव्य उत्पादकत्वको आधा हिस्सा मात्र प्राप्त गर्नेछ।**

**गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा एवं भविष्यको उत्पादकत्वमा पहुँच रहेका प्रदेश अनुसारका असमानताहरूमा आधारित भएर**

३ बताइएको यो राष्ट्रिय मानव पूँजी सूचकाङ्कको स्तर विश्व बैंकको मानव पूँजी सूचकाङ्क २०२० डाटाबेसमा आधारित छ। यसको अर्थ यसले आज जन्मेका बच्चाहरूको नभएर २०२० मा जन्मेका बच्चाहरूको भविष्यको सम्भाव्य उत्पादकत्वलाई देखाउँछ।

## बाकस १ . मानव पूँजी सूचकाङ्क

मानव पूँजी सूचकाङ्कको अनुमानित हिसाब तीन घटकहरू प्रयोग गरेर गरिन्छ :

**घटक १ (बच्चाको आयु):** जन्मेदेखि विद्यालय जाने उमेरसम्मको बच्चाको आयु पाँच वर्ष मुनिको मृत्युदर प्रयोग गरेर मापन गरिन्छ।

**घटक २ (शिक्षा):** भर्ना दरको प्रचलित ढाँचालाई मध्यनजर गर्दै बच्चाले १८ वर्षको उमेरमा पूरा गर्ने अपेक्षित विद्यालय वर्षका सङ्ख्याको रूपमा शिक्षाको मात्रालाई मापन गरिन्छ। शिक्षाको गुणस्तर प्राथमिक शिक्षाको अन्त्यमा विद्यार्थीहरूको समन्वित अन्तर्राष्ट्रिय परीक्षाको स्कोर प्रयोग गरेर मापन गरिन्छ। यी दुई उपायहरूलाई फिल्मर तथा समूह (२०१८) द्वारा प्रस्तावित शिक्षाको अपेक्षित सिकाइ समायोजन वर्षहरूको मापनसँग जोडिएको छ। आज जन्मेको बच्चाले उच्च गुणस्तरको शिक्षा प्राप्त गर्ने अपेक्षा गर्न सक्ने राष्ट्रले १८ वर्षको उमेरसम्ममा १४ वर्षको विद्यालय शिक्षा हासिल गर्नुपर्छ।

**घटक ३ (स्वास्थ्य):** समग्र स्वास्थ्य अवस्थामा दुई वटा मुख्य पक्षहरू छन्: (क) वयस्कको आयुदर जसलाई ६० वर्षको उमेरसम्म बाँच्ने १५ वर्षका बच्चाहरूको अनुपातका रूपमा परिभाषित गरिएको छ र (ख) पाँच वर्ष मुनिका बच्चाहरूको गम्भीर स्वास्थ्य जोखिमको दर। वयस्कहरूको आयुदरले हालको अवस्था उस्तै रहेको खण्डमा आज जन्मेको बच्चाले वयस्क भएर अनुभव गर्ने प्राणघातक र साधारण स्वास्थ्य परिणामहरूको दायरालाई दर्शाउँछ। गम्भीर स्वास्थ्य अवस्थाले आज जन्मेका बच्चाहरूले आफू जन्मनु भन्दा अघि र पूर्व बाल्यवस्थाका वर्षहरू बीचमा अनुभव गर्ने स्वास्थ्यमा हुने जोखिमलाई जनाउँछ जसले वयस्क उमेरमा स्वास्थ्यमा महत्वपूर्ण परिणामहरू ल्याउँछ। आज जन्मेको बच्चाले उच्च गुणस्तरको स्वास्थ्यमा पहुँच पाउने अपेक्षा गर्न सक्ने राष्ट्रमा कुनै गम्भीर स्वास्थ्य अवस्था हुनु हुँदैन र वयस्क बाँच्ने दर १०० प्रतिशत हुनु पर्दछ।

मानव पूँजी सूचकाङ्क निर्माणमा यी तीन घटकहरूलाई निम्नानुसार संयोजन गरिन्छ:




जहाँ घटकहरूलाई यस प्रकार परिभाषित गरिन्छ:

$$\text{बच्चाको आयु} = \frac{\text{१-५ वर्ष मुनिको मृत्युदर}}{\text{१}} \;;$$

$$\text{शिक्षा} = e^{\text{०.०८}*(\text{विद्यालयको अपेक्षित वर्ष}*\frac{\text{समन्वित परीक्षण स्कोर}}{\text{६२५}} - \text{१४};}$$

$$\text{स्वास्थ्य} = e^{\frac{(\text{०.०६५}*(\text{वयस्कको आयुदर}-\text{१}+\text{०.३५}*(\text{गम्भीर स्वास्थ्य जोखिम}-\text{१})}{\text{२}}}$$

*स्रोत:* विश्व बैंक (२०२१) मा आधारित स्व-व्याख्या।

**हेर्दा प्रदेशअनुसारको मानव पूँजी सूचकाङ्कमा उल्लेख्य भिन्नता छ।** औसतमा, कर्णालीमा जन्मेका बच्चाहरू आफ्नो सम्भावित उत्पादकत्वको ४६ प्रतिशतमा मात्र पुग्न सक्ने अपेक्षा गरिएको छ भने बाग्मतीमा जन्मेका बच्चाहरू उनीहरूको सम्भावित उत्पादकत्वको ५८ प्रतिशतमा पुग्न सक्ने अनुमान गरिएको छ। सुजाता र उनका साथीहरू लुम्बिनी प्रदेशमा बसोबास गर्छन् जसको मानव पूँजी सूचकाङ्क बीच भागमा पर्छ। उनीहरू आफ्नो क्षमताको ५१ प्रतिशत पुग्न सक्ने अपेक्षा गरिएको छ (**रेखाचित्र २**)।

**रेखाचित्र २**: नेपालको प्रदेश अनुसारको मानव पूँजी सूचकाङ्क, २०२३




*स्रोत:* स्व-व्याख्या। ५ वर्षको उमेरसम्मको जीवनरक्षा सम्भावना र ५ वर्ष मुनिका बच्चाहरूको अनुपात जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण (डिएचएस) २०२२ बाट प्राप्त भएको हो। १५-६० वर्षको उमेरसम्म आयुदर पाण्डे र एडेर (२०२२) बाट प्राप्त भएको हो। विद्यालयका अपेक्षित वर्षहरू फ्ल्यास। रिपोर्ट २०८० (२०२३/२४) बाट प्राप्त भएका हुन्। समन्वित परीक्षणका स्कोरहरू विद्यार्थीहरूको उपलब्धी सम्बन्धी राष्ट्रिय मूल्याङ्कन, २०२० ले गरेको ८ कक्षाको गणित, नेपाली र विज्ञान विषयको औसत स्कोरबाट गणना गरिएको हो।

**आर्थिक वृद्धि धनको सञ्चयबाट हुन्छ जसमा चार किसिमका पूँजी समावेश छन्** -उत्पादित पूँजी (पूर्वाधार, भवन र मेसिनरी), प्राकृतिक पूँजी (भूमि, खनिज र ग्यास), मानव पूँजी र खुद वैदेशिक सम्पत्ति (जस्तै रिजर्भ र वैदेशिक लगानी)। सबै राष्ट्रमा मानव पूँजी राष्ट्रिय सम्पत्तिको सबैभन्दा ठूलो हिस्सा हुन आउँछ।

**नेपालको राष्ट्रिय सम्पत्तिमा मानव पूँजीको हिस्सा समान स्तरको आय भएका राष्ट्रहरूको औसतभन्दा कम रहेको छ।** सन् २०१९ मा विश्व बैंकले नेपाललाई न्यून आयबाट निम्न-मध्यम आय भएको राष्ट्रमा राख्यो। देशको १५ औं पञ्चवर्षीय आवधिक योजनाले सन् २०३० सम्ममा उच्च-मध्यम आयको स्थितिमा पुग्ने महत्वाकांक्षी लक्ष्य निर्धारण गरेको छ। तथापि, नेपालको मानव पूँजीको हिस्सा अन्य निम्न-मध्यम आय भएका राष्ट्रहरूको औसतभन्दा कम छ र उच्च-मध्यम आय भएका राष्ट्रहरूको तुलनामा उल्लेखनीय रूपमा पछाडि छ (**रेखाचित्र ३**)।

**पछिल्ला केही दशकमा नेपालको मानव पूँजीको हिस्सा घट्नुचाहीं विशेष चिन्ताको विषय हो।** सन् १९९० को दशकको सुरुमा नेपालको मानव पूँजीको हिस्सा अन्य निम्न-मध्यम आय भएका राष्ट्रहरूसँग हाराहारीको अवस्थामा थियो। तर सन् २०१८ सम्ममा

**रेखाचित्र ३**: कुल राष्ट्रिय सम्पत्तिमा मानव पूँजीको हिस्सा, सन् २०१८




*स्रोत:* विश्व बैंकको द चेन्जिङ वेल्थ अफ नेशन्स (२०१८) मा आधारित स्व-व्याख्या।

यो अन्तर उल्लेखनीय रूपमा बढ्यो। अन्य राष्ट्रहरूले आफ्नो मानव पूँजी बढाउने सवालमा निरन्तर प्रगति गर्दैगर्दा नेपालको हिस्सा भने घटेको छ जसले दिगो आर्थिक वृद्धिको मार्गलाई झन् जटिल बनाएको छ (**रेखाचित्र ४**)।

## नेपालमा न्यून मानव पूँजी सूचकाङ्कको कारक के हो ?

**नेपालले हालैका दशकहरूमा स्वास्थ्य र शिक्षाका प्रमुख सूचकहरूमा उल्लेखनीय प्रगति गरेको छ।** सुजाता जस्ता बालबालिकाहरूको अहिले विद्यालय शिक्षामा हुने पहुँच उल्लेख्य छ र बाल जीवनरक्षा दरमा उल्लेखनीय सुधार आएको छ। सबै शिक्षाका तहहरूमा विद्यालय भर्ना दर बढेको छ। सन् २०२२ सम्ममा औसत आयु लगभग ७० वर्ष पुगेको छ, शिशु मृत्युदर घटेको छ भने अहिले ८० प्रतिशत बच्चाहरूको जन्म स्वास्थ्य संस्थाहरूमा भइरहेको छ (**रेखाचित्र ५ र ६**)।

**नेपालले पछिल्ला दुई दशकमा स्वास्थ्य परिणामहरूमा उल्लेखनीय प्रगति गरेको छ तर एक चौथाई बालबालिकाहरूको स्वास्थ्य अवस्था अझै पनि गम्भीर रहेको छ जसले उनीहरूको सिक्ने क्षमतामा बाधा पुऱ्याउँछ र भविष्यको उत्पादकत्वलाई असर गर्छ।**

**रेखाचित्र ४**: कुल राष्ट्रिय सम्पत्तिमा मानव पूँजीको हिस्सा, सन् १९९५ - २०१८




*स्रोत:* विश्व बैंकको द चेन्जिङ वेल्थ अफ नेशन्स (२०१८) मा आधारित स्व-व्याख्या।

**रेखाचित्र ५**: नेपालका विद्यालयमा भर्ना दरहरू, सन् १९८०-२०२१




*स्रोत:* विश्व विकास सूचकहरू। भर्ना दरहरू प्राथमिक र माध्यमिकको लागि खुद हो भने विश्वविद्यालयका लागि कुल हुन्।

**रेखाचित्र ६**: नेपालको औसत आयु, नवजात शिशु, शिशु र पाँच वर्षमुनिका बालबालिकाहरूको मृत्युदर, सन् १९६०-२०२०




*स्रोत:* विश्व विकास सूचकहरू।

**रेखाचित्र ७**: नेपालमा शैक्षिक उपलब्धिका आधारमा २५-२९ वर्ष उमेर समूहको जनसङ्ख्याको हिस्सा, सन् १९५०-२०२०




*स्रोत:* जनसांख्यिकी एवं विश्व मानव पूँजीका लागि विट्गेन्स्टाइन केन्द्र (२०१८) मा आधारित स्व-व्याख्या।

**यी उपलब्धिका बाबजुद गुणस्तरीय स्वास्थ्य र शिक्षा सेवाहरूको वितरणको सम्बन्धमा नेपालका अति विपन्न र कम शिक्षित समुदायहरूमा निरन्तर चुनौतीहरू छन्।** सुजाताका आमाबाबुले जस्तै काम गर्न सक्ने उमेरका जनसंख्याको एक तिहाइ जनसंख्याले प्राथमिक शिक्षा पूरा गरेका छैनन् र पाँच वर्ष मुनिका एक चौथाइ बच्चाहरू अझै पनि गम्भीर स्वास्थ्य अवस्था र मृत्युको सामना गर्न बाध्य छन् (**रेखाचित्र ७**)। नेपालको अति विपन्न (३७ प्रतिशत), अति कम शिक्षित (३६ प्रतिशत) र ग्रामीण (३१ प्रतिशत) जनसंख्या, साथै कर्णाली (३६ प्रतिशत) र गण्डकी (३१ प्रतिशत) प्रदेशहरूमा गम्भीर स्वास्थ्य स्थिति र मृत्युदर उच्च छ (**रेखाचित्र ८**)।

**रेखाचित्र ८** : नेपालमा पाँच वर्षभन्दा कम उमेरका बच्चाहरूको गम्भीर स्वास्थ्य अवस्था र मृत्युदरहरू, २०२२




*स्रोत:* नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण (२०२२)।

**शिक्षाको पहुँच उल्लेख्य विस्तार भएको भए पनि काम गर्ने उमेरको एक तिहाइ जनसंख्याले प्राथमिक शिक्षा पूरा गरेका छैनन् र विद्यार्थीहरूले प्रभावकारी रूपमा सिकिरहेका छैनन् जसले उत्पादकत्व र नवप्रवर्तन जस्ता विषयलाई सीमित बनाउँछ।**

**शिक्षाको पहुँच विस्तार भएर पनि नेपालमा विद्यार्थीहरूले विद्यालयमा अति कम सिक्ने गरेको पाइएको छ।** नेपालको सिकाइ परिणाम समान आयस्तर भएका राष्ट्रहरूको तुलनामा कम छ। औसतमा, नेपालमा एक विद्यार्थीले १२.३ वर्षको विद्यालय शिक्षा पूरा गर्ने अपेक्षा गरिएको छ तर सिकाइ स्तरको लागि समायोजन गर्दा यो ७.२ वर्षको प्रभावकारी विद्यालय शिक्षा मात्र हुन आउँछ (**रेखाचित्र ९**)। लिङ्ग, प्रदेश, शिक्षाको तह र आय स्तरमा आधारित सिकाइ असमानताहरू पनि थुप्रै छन्। महिला, कर्णाली र सुदुरपश्चिम प्रदेशमा बसोबास गर्नेहरू, अति विपन्न एवं कम शिक्षित र माध्यमिक शिक्षा बिचैमा छोड्नेहरुको दर मधेश प्रदेशका विपन्न र अल्पसंख्यक घरपरिवारका विद्यार्थीहरूमा उच्च छ (**रेखाचित्र १०**)। यी वास्तविकताहरूले सुजाताले माध्यमिक विद्यालय सफलतापूर्वक पूरा गर्न र समृद्ध भविष्य सुरक्षित गर्न आवश्यक आधारभूत शिक्षा प्राप्त गर्न सक्षम हुन्छिन् भन्नेमा उनका बाआमा ढुक्क छैनन्।

**रेखाचित्र ९** : दक्षिण एशियामा सिकाइ समायोजित वर्ष तथा विद्यालय जाने अपेक्षित वर्षहरू, सन् २०२१




*स्रोत:* मानव पूँजी सूचकाङ्क २०२० डाटाबेसमा आधारित स्व-व्याख्या- माल्दिभ्सको मानव पूँजी समीक्षा, २०२३ बाट तथ्यांक लिइएकाले माल्दिभ्स बाहेक सबै राष्ट्रका लागि विश्व बैंक। यो तथ्यांक माल्दिभ्स बाहेकका सबै राष्ट्रहरूका लागि २०२० सँग सम्बन्धित छ भने माल्दिभ्सको तथ्यांक २०२३ सँग सम्बन्धित छ।

**रेखाचित्र १०** : नेपालमा लिङ्ग र सम्पत्तिको पञ्चांशको आधारमा १५ देखि ४९ उमेर समूहको जनसंख्यामा साक्षरता दर, सन् २०१९




*स्रोत:* बहुसूचक सर्वेक्षण (एमआईसीएस) (२०१९)।

**नेपालका गुणस्तरीय स्वास्थ्य सेवा वितरणमा पनि गम्भीर चुनौतीहरु छन्।** जनस्वास्थ्य सेवा धेरै हदसम्म अपर्याप्त छ जहाँ कुनै पनि स्वास्थ्य सुविधा स्तरहरूले सरकारको न्यूनतम् मापदण्डहरू पूरा गर्दैनन् (**रेखाचित्र ११**)। नसर्ने रोगहरू पनि बढ्दै गइरहेका छन्। यिनै रोग गम्भीर स्वास्थ्य समस्या र मृत्युदरको प्रमुख कारण बनेका

**रेखाचित्र ११** : स्वास्थ्य सेवा वितरण स्कोरहरू, २०२२




*स्रोतः* वार्षिक प्रतिवेदन, स्वास्थ्य सेवा विभाग । राष्ट्रिय गुणस्तर निर्देशिकाका अनुसार ८५ न्यूनतम् स्कोर हो ।

**रेखाचित्र १२** : नेपालमा सरूवा रोगहरू, नसर्ने रोगहरू र चोटपटकका कारण हुने मृत्युहरू (%), २००१ - २०२१




*स्रोतः* आईएचएमई, ग्लोबल बर्डन अफ डिजिज (२०२१) ।

छन् । कोभिड-१९ विश्व महामारी (**रेखाचित्र १२**) अघि लगभग ७० प्रतिशत मृत्युको कारण नसर्ने रोगहरू नै थिए ।[४] यी रोगहरूले कार्यबलको उत्पादकत्वमा ह्रास ल्याउने र बालबालिकाहरूको सिकाइ क्षमतालाई बिगार्ने हुँदा स्वास्थ्य सेवामा हुने खर्च बढ्न जान्छ र यसले अन्ततः मानव पूँजीलाई कमजोर बनाउँछ । नेपालको बढ्दो वृद्ध जनसंख्यामाझ प्रभावकारी जनस्वास्थ्य सेवाहरू नहुँदा नसर्ने रोगको बोझ बढ्ने सम्भावना हुन्छ ।

**स्वास्थ्य र शिक्षाका यी गम्भीर असमानताहरूले सबैका लागि हितकर समावेशी विकास र समृद्धि निर्माण गर्न आवश्यक मानव पूँजी निर्माण गर्ने नेपालको प्रयासमा विशाल बाधाअड्चन खडा गर्दछ ।** यी असमानताहरूलाई सम्बोधन गर्न हरेक व्यक्तिसँग देश विकासमा योगदान गर्ने र लाभ उठाउने अवसर छ जसले समग्र प्रगति र हित कायम गर्न सघाउँछ भन्ने सुनिश्चित गर्नु महत्वपूर्ण हुन्छ ।

## नेपालमा शिक्षा र स्वास्थ्यका परिणामहरू किन कमजोर भइरहेका छन् ?

**नेपालमा स्वास्थ्य र शिक्षा सेवाहरूको कमजोर गुणस्तर आंशिक रूपमा शिक्षा र स्वास्थ्यमा अपर्याप्त र अप्रभावकारी सार्वजनिक खर्चको परिणाम हो ।** समान आय स्तर भएका राष्ट्रहरूको तुलनामा नेपालले शिक्षा र स्वास्थ्यमा प्रतिव्यक्ति उल्लेखनीय रूपमा कम

**रेखाचित्र १३** : शिक्षा क्षेत्रमा सरकारी खर्च, कुल (कुल गार्हस्थ्य उत्पादनको (%), २०२२




*स्रोतः* विश्व विकास सूचकहरू ।

लगानी गर्दछ (**रेखाचित्र १३ र १४**) । सन् २०२२ मा नेपालमा शिक्षा क्षेत्रमा सरकारी खर्च कुल गार्हस्थ्य उत्पादनको ३.७% थियो जुन निम्न-मध्यम आय भएका राष्ट्रहरूको औसत खर्च (४.३%) भन्दा कम हो भने युनेस्कोले सिफारिस गरे बमोजिमको ६% भन्दा निकै कम हो । त्यस्तै, स्वास्थ्यमा सरकारी खर्च कुल गार्हस्थ्य उत्पादनको २.१% थियो । यो निम्न-मध्यम आय भएका राष्ट्रहरूको औसत खर्च

४ अल्कुनाबेट एवं समूह (२०२१) ।

**रेखाचित्र १४** : मुलुकको साधारण स्वास्थ्य क्षेत्रमा सरकारी खर्च (कुल गार्हस्थ्य उत्पादनको (%), २०२२




*स्रोत:* स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय संयुक्त वार्षिक समीक्षा (२०२३)।

(३.९%) भन्दा कम हो भने विश्वव्यापी स्वास्थ्य कभरेज प्राप्त गर्न विश्व स्वास्थ्य सङ्गठनले सिफारिस गरे बमोजिमको ५% भन्दा कम हो। यसको अर्थ के हुन्छ भने समान आयस्तर भएका राष्ट्रहरूमा तुलनामा सुजाता र उनका साथीहरूसँग गुणस्तरीय सिकाइ सामग्री, औषधि तथा मेडिकल सामग्री, तालिम प्राप्त शिक्षक र पहुँचयोग्य स्वास्थ्य सेवा सुविधाहरूमा कम पहुँच छ जसले उनीहरूको सिक्ने र स्वस्थ वयस्क भएर हुर्कने अवसरमा प्रतिकूल असर पुर्‍याउँछ।

**यसका अतिरिक्त, प्रतिव्यक्ति स्वास्थ्य र शिक्षा खर्चको समान स्तर भएका राष्ट्रहरूले दैनिक जीवनका खर्चका फरकहरू नियन्त्रण गर्दा पनि यथेष्ट राम्रा परिणामहरू प्राप्त गर्छन् (रेखाचित्र १५ र १६)।** उदाहरणका लागि, स्वास्थ्य सेवाको पहुँच सुधार गर्न र आर्थिक सुरक्षा प्रदान गर्न सन् २०१६ मा ल्याइएको नेपालको राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन गर्न र महत्वपूर्ण चुनौतीहरूको सामना गर्न ढिलासुस्ती भएको छ। अहिले यस बीमा कार्यक्रमले नेपालका अति विपन्न र कमजोर समूहहरू बाहेकका लगभग एक चौथाई जनसंख्यालाई समेटेको छ। फलत: घरपरिवारहरूले अधिकांश स्वास्थ्य खर्च आफैं भुक्तानी गर्छन् जसले सुजाताको जस्ता परिवारहरूलाई मेडिकल खर्च वा शिक्षा लगायतका आवश्यकताहरू बीच छनौट गर्न कठिन बनाउँछ।

**नेपालमा रहेको न्यून मानव पूँजी सञ्चयको पछाडिको अर्को मुख्य कारक भनेको सङ्घीयता कार्यान्वयनसँगै देखा परेका विद्यमान चुनौतीहरू हुन्।** सङ्घीय संरचना शिक्षा र स्वास्थ्य सेवा जस्ता अत्यावश्यक सेवाहरूको वितरण सुधार गर्न विकास गरिएको भएता

**रेखाचित्र १५** : समन्वित परीक्षण स्कोर, शिक्षामा हुने प्रति विद्यार्थी खर्च र कार्यदक्षता सीमा, सन् २०२१




*स्रोत:* युनेस्को तथ्यांक प्रतिष्ठान (प्रति विद्यार्थी शिक्षा खर्च) र विश्व विकास सूचकहरू - विश्व बैंक (एचएलओ) मा आधारित स्व-व्याख्या। यो तथ्यांक उपलब्ध पछिल्लो तथ्यांकसँग सम्बन्धित छ। प्रति विद्यार्थी शिक्षा खर्च स्थिर PPP$ मा प्राथमिक र माध्यमिक शिक्षामा सरकारी खर्च जोडेर र यसलाई प्राथमिक र माध्यमिक शिक्षामा भर्ना भएका विद्यार्थीहरूको कुल सङ्ख्याले भाग गरेर प्राप्त गरिन्छ।

**रेखाचित्र १६** : स्वास्थ्य सेवाको पहुँच र गुणस्तर सूचकाङ्क, प्रति व्यक्ति चालू स्वास्थ्य खर्च र कार्यदक्षता सीमा, सन् २०२१




*स्रोत:* दक्षिण एशिया जनसांख्यिकीय अध्ययन (२०२४)।

## बाकस २ . सङ्घीयताको परिप्रेक्ष्यमा स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षा सेवा वितरणका चुनौती र अवसरहरू

सन् २०१५ को संविधानले नेपाललाई सङ्घीय राज्यमा स्थापित गऱ्यो जसले शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षा सेवाको वितरणमा यथेष्ट परिवर्तन ल्यायो। यस नयाँ प्रणालीअन्तर्गत स्थानीय सरकारहरूलाई यी सेवाहरूको व्यवस्थापन र वितरण गर्ने अधिकार सुम्पियो। आधारभूत र माध्यमिक शिक्षा, स्थानीय स्वास्थ्य सेवाहरू र सामुदायिक स्वास्थ्य केन्द्रहरूका लागि उनीहरू जिम्मेवार छन् जसले उनीहरूलाई आफ्ना समुदायको विशेष आवश्यकताहरू पूरा गर्न सेवाहरूको छनौट र वितरण गर्ने मार्ग प्रशस्त गर्दछ।

सङ्घीयताले स्थानीय स्तरको सेवा वितरणमा सुधार गर्ने अवसरहरू प्रदान गर्ने भएता पनि भूमिका र जिम्मेवारीहरू स्पष्ट गर्न, पर्याप्त आर्थिक स्रोत सुरक्षित गर्न र सरकारका विभिन्न तहहरू बीच समन्वय गर्न अझै थुप्रै चुनौतीहरू छन्।

नेपालको सङ्घीय व्यवस्थाले स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षा सेवाहरूको प्रावधानमा सङ्घीय, प्रदेश र स्थानीय सरकारहरूलाई एकल र साझा दुवै जिम्मेवारीहरू सुम्पिएको छ। तथापि, अझै पनि विशेषगरी महामारीको निगरानी, प्राथमिक स्वास्थ्य सेवा, शिक्षक व्यवस्थापन र पाठ्यक्रम विकास जस्ता क्षेत्रहरूमा अस्पष्टता र द्विविधाहरू कायमै छन्। यी अन्तरहरू खासगरी प्रभावकारी प्रादेशिक संस्थाहरूको विकासका लागि चुनौतीपूर्ण छन्।

निजामती सेवा ऐन जस्ता महत्वपूर्ण सङ्घीय कानुन पारित गर्न भएको ढिलासुस्तीले प्रदेश र स्थानीय सरकारको मानव स्रोतको व्यवस्थापन गर्ने क्षमतामा थप अवरोध खडा गरेको छ। यसका अतिरिक्त, स्वास्थ्य र शिक्षासँग सम्बन्धित सङ्घीय कानुनहरू लागू गर्न भएको ढिलासुस्तिले नीतिगत अवरोधहरू सिर्जना गरेको छ।

स्वास्थ्य र शिक्षा सेवाका लागि आवश्यक आर्थिक स्रोत धेरै हदसम्म सङ्घीय र प्रदेश सरकारको सशर्त अनुदानमा निर्भर गर्दछ। यो निर्भरताले स्थानीय स्वामित्वमा अंकुश लगाउँछ र सेवाको गुणस्तर सुधार गर्न मागमा आधारित लगानी गर्ने कार्यलाई निरुत्साहित गर्दछ।

सरकारका तीन तहहरू बीचको सहकार्य र समन्वयको कमी नै सेवा वितरण सुधार कार्यमा भएको मुख्य अवरोध हुन्। आधारभूत स्वास्थ्य सेवा, विद्यालय शिक्षा र अस्थायी रोजगार कार्यक्रम जस्ता थुप्रै राष्ट्रिय कार्यक्रमहरू प्रदेश र सङ्घीय निकायहरू बीचको न्यून समन्वयसँगै स्थानीय स्तरमा छुट्टै व्यवस्थापन गरिन्छ। समन्वयको यो कमीले विपन्न, कमजोर र सीमान्तकृत समुदायहरूलाई असमान रूपमा असर गर्छ जसको फलस्वरूप उनीहरूले आवश्यक सेवा पाउन थप अवरोधहरूको सामना गर्नुपर्छ।

*स्रोतः स्व-व्याख्या।*

पनि अस्पष्ट भूमिका, अपर्याप्त आर्थिक स्रोत र सरकारी स्तरमा हुने कमजोर समन्वयसँग सम्बन्धित समस्याहरूले कार्य प्रगतिमा बाधा पुऱ्याएको छ। कार्यान्वयनका यिनै चुनौतीहरूले शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा सेवाका वितरणमा ठूलो अवरोध सिर्जना गर्दछ (**बाकस २**)। सङ्घीयतासँग सम्बन्धित यी अवरोधहरूलाई सम्बोधन नगरी नेपालमा मानव पूँजी सञ्चयलाई गति दिन कठिन हुनेछ।

**विद्यमान सामाजिक सुरक्षा र विपद् व्यवस्थापन प्रणालीहरू प्राकृतिक प्रकोप, महामारी र जलवायु परिवर्तनप्रति मानिसहरूको उत्थानशीलता अभिवृद्धि गर्न पर्याप्त छैनन्।** भूकम्पीय जोखिमयुक्त क्षेत्रमा पर्ने नेपालमा जनधनको क्षति, मानिसहरूको विस्थापन र स्वास्थ्य सेवा तथा शिक्षा प्राप्त गर्नमा अवरोध पुऱ्याउने भूकम्पको इतिहास साक्षी छ। उदाहरणका लागि, सन् २०२३ मा जाजरकोटमा गएको भूकम्पले ७०१ भन्दा बढी विद्यालयहरूमा क्षति भयो भने ७५ जना विद्यार्थीहरूको ज्यान लियो। नेपालको स्वास्थ्य क्षेत्रमा आपतकालीन पूर्वतयारी र प्रतिकार्य क्षमता तुलनात्मक रूपमा कम छ जसले गर्दा देश प्राकृतिक विपद्, महामारी र अन्य स्वास्थ्य संकटहरूको जोखिममा छ (**रेखाचित्र १७ र १८**)। यसका अतिरिक्त, सामाजिक सुरक्षा कार्यक्रमको दायरा असमान छ जहाँ बालबालिका र युवाका लागि छुट्याइएको लगानी अन्य समूहहरूको तुलनामा न्युन छ। विपन्न जनसंख्यालाई समेट्ने सवालमा ठूलो अन्तर छ जसको अर्थ सुजाता जस्ता विपन्न परिवारहरू असमान रूपमा बञ्चित छन् भन्ने हुन्छ। उनीहरू अघिल्लो पुस्ताले भोगेकै गरिबीको सामना गर्नुपर्ने जोखिममा छन्।

**रेखाचित्र १७** : नेपालमा औसत वार्षिक प्राकृतिक विपद्का घटना, सन् १९८०-२०२०




*स्रोतः* विश्व बैंक (२०२३)। जलवायु परिवर्तन सम्बन्धी ज्ञान पोर्टल

**रेखाचित्र १८** : अन्तर्राष्ट्रिय स्वास्थ्य नियमावली, २०२३ कार्यान्वयन गर्न नेपालको क्षमता




*स्रोतः* विश्व स्वास्थ्य संगठन (२०२४)। विद्युतीय आईएचआर राज्य पक्षहरूको स्व-मूल्याङ्कन वार्षिक प्रतिवेदन, नेपाल

**वायु प्रदूषण नेपालको कमजोर स्वास्थ्य, शिक्षा र उत्पादकत्वको अर्को महत्वपूर्ण जोखिमको कारक हो।** सन् २०२१ मा नेपाल विश्वकै तेस्रो अति प्रदुषित राष्ट्रको रूपमा दरियो जसको प्रदूषणको स्तर विश्व स्वास्थ्य संगठनद्वारा सिफारिस गरिएको सीमा (**रेखाचित्र १९**) भन्दा १० गुणा बढी रहेको र वायु प्रदूषणको स्तर समयक्रमसँगै झन् बिकराल बन्दै गएको छ (**रेखाचित्र २०**)। वायु प्रदूषणको उच्च र दीर्घकालीन जोखिमले मानव स्वास्थ्यमा निकै असर गर्छ। सन् २०२१ मा नेपालमा वायु प्रदूषण मृत्यु तथा अपाङ्गताको जोखिमको मुख्य कारक थियो जुन पछिल्लो दशकमा मृत्युका शीर्ष दश कारणहरूमध्ये तीन वटामा प्रत्यक्ष जोडियो। नेपालले विश्व स्वास्थ्य संगठनद्वारा सिफारिस गरिएका मापदण्डहरू पूरा गर्नेगरी वायु प्रदूषणको स्तर घटाउन सकेमा यहाँको जनसंख्याको औसत

**रेखाचित्र १९** : अति प्रदूषित राष्ट्रहरूको वार्षिक वातावरणीय कणजन्य प्रदूषण (पीएम २.५) सघनता, २०२१




*स्रोतः* वायु गुणस्तर जीवन सूचकाङ्क (२०२१)।

**रेखाचित्र २०** : नेपालमा वार्षिक वातावरणीय कणजन्य प्रदूषण (पीएम २.५) सघनता, १९९८-२०२१




*स्रोतः* वायु गुणस्तर जीवन सूचकाङ्क (२०२१)।



© आईसा फकिर/विश्व बैंक

आयु ४.६ वर्षले बढ्ने छ। न्यून संज्ञानात्मक क्षमता, शैक्षिक प्रदर्शन र विद्यार्थीहरूको मस्तिस्क र व्यवहारगत परीक्षणहरूसँग सम्बन्धित भएकाले वायु प्रदूषणले शैक्षिक परिणामहरूलाई पनि नकारात्मक रूपमा असर गर्छ।[५] वायु प्रदूषण आर्थिक रूपमा पनि महँगो हुन आउँछ। नेपालमा वायु प्रदूषणबाट हुने वार्षिक खर्च यहाँको कुल गार्हस्थ उत्पादनको १०.२ प्रतिशत बराबर रहेको अनुमान गरिएको छ।

**जलवायु परिवर्तन, प्राकृतिक प्रकोप, वायु प्रदूषण र महामारीले नेपालीहरूको स्वास्थ्य, सुरक्षा र शैक्षिक अवसरहरूमा बाधा पुर्‍याउने सम्भावना छ र यी खतराहरू समयक्रमसँगै बढ्ने छन्।**

नेपालको वर्तमान प्रणाली यी चुनौतीहरूको सामना गर्न तयार भइसकेको छैन। अतः अति सङ्कटासन्न जनसंख्याको सुरक्षार्थ सामाजिक सुरक्षा लाभहरू बढाउनु र तिनले समेट्ने क्षेत्र विस्तार गर्नु टड्कारो आवश्यकता हो। नेपालको सङ्घीयताको परिवेशलाई सफलतापूर्वक सञ्चालन गर्नु र कार्यान्वयनका चुनौतीहरूलाई निस्तेज गर्न यस प्रणालीको क्षमता अभिवृद्धि गर्नु यी सामाजिक सुरक्षाहरूको विस्तारमा महत्वपूर्ण हुन्छन्। नेपालको सामाजिक सुरक्षा र विपद् सम्बन्धी जोखिम व्यवस्थापन प्रणालीमा तत्काल सुधार नगरे जनता र देशको अर्थव्यवस्था निरन्तर गम्भीर जोखिमको भुमरीमा पर्छन्।

---

५ चन्द्र एवं समूह (२०२२)।

# ३. मानव पूँजीको उपयोग : हाल श्रम बजारमा रहेको मानव पूँजी कत्तिको प्रयोग हुन्छ ?

**हालको रोजगारी दरलाई हेर्दा सुजाता जस्ता नेपाली बालबालिकाहरूको भविष्यको उत्पादकत्व सम्भावना धमिलो देखिन्छ ।**[६] नेपालको उपयोग-समायोजित मानव पूँजी सूचकाङ्क मात्र ०.१८ छ। यसको अर्थ आज नेपालमा जन्मेको बच्चाले वयस्क हुँदा आफ्नो सम्भावित उत्पादकत्वको १८ प्रतिशत मात्र प्रयोग गर्न सक्ने छ भन्ने हुन्छ (**रेखाचित्र** २१) ।[७] समान आयस्तर भएका राष्ट्रहरूमा औसत उपयोग-समायोजित मानव पूँजी सूचकाङ्कभन्दा यो निकै कम हो जसले नेपाललाई क्षेत्रीय र विश्वव्यापी रूपमा कमजोर रहेको सङ्केत गर्छ। भविष्यको कार्यबलको क्षमता र यसको वास्तविक उपयोग बीचको अन्तर एकदमै विशाल छ । सुजाता जस्ता बालबालिकाहरूले शिक्षाबाट सीप हासिल गरे पनि हालको श्रमबजारले ती सीपहरू प्रभावकारी रूपमा अपनाउने अवसर थोरै मात्र प्रदान गर्दछ । नेपालले अझै प्रभावकारी रूपमा आफ्ना जनतामा लगानी गर्न सक्यो र गुणस्तरीय रोजगारीका अवसरहरू सिर्जना गर्न सकेको खण्डमा यहाँको प्रति व्यक्ति कुल गार्हस्थ उत्पादन साढे पाँच गुणा बढी हुन सक्छ (**रेखाचित्र** २२) ।

**नेपालको उपयोग-समायोजित मानव पूँजी सूचकाङ्क ०.१८ मात्र छ । फलतः यसले आज नेपालमा जन्मेको बच्चाले वयस्क हुँदा आफ्नो पूर्ण क्षमताको १८ प्रतिशत मात्र हासिल र उपयोग गर्न सक्ने कुराको सङ्केत गर्छ ।**

**रेखाचित्र २१** : नेपालमा उपयोग-समायोजित मानव पूँजी, २०२०




*स्रोतः* विश्व बैंकको उपयोग-समायोजित मानव पूँजी सूचकाङ्कमा आधारित स्व-व्याख्या । श्रम बजारका तथ्याङ्का लागि नेपाल सरकारका नयाँ परिभाषाहरू प्रयोग गर्न श्रमशक्ति सहभागिता दरमा समायोजन गरिन्छ ।

**हाम्रो यस विश्लेषणले नेपालमा मानव पूँजी उपयोगको सम्बन्धमा रहेका विशाल असमानताहरूलाई पनि उजागर गर्छ ।** यस क्षेत्रमा मानव पूँजीको स्तर उच्चतम रहेको भएता पनि नेपालमा सम्भावित र वास्तविक उत्पादकत्व र न्युनतम उपयोग-समायोजित मानव पूँजी सूचकाङ्क (**रेखाचित्र** २३) बीचको अन्तर फराकिलो छ। हालको श्रम बजारको रुझान परिवर्तन भएन भने कर्णाली र सुदूरपश्चिम प्रदेश जस्ता कम विकसित प्रदेशमा जन्मेका बच्चाहरूले आफ्नो क्षमताको १२ प्रतिशत मात्र प्रयोग गर्नेछन् भने बाग्मती प्रदेशमा जन्मेका तिनकै साथीहरूले आफ्नो क्षमताको २७ प्रतिशत प्रयोग गर्न सक्ने छन् (**रेखाचित्र** २४) । यी क्षेत्रीय असमानताहरूको

६ मानिस विदेशिने राष्ट्रहरूमा श्रमशक्ति सहभागिता दर थुप्रै कारणहरूले गर्दा कम हुन्छ । पहिलो, विप्रेषणले प्रायः "वैकल्पिक आय" को रूपमा काम गर्दछ जसले परिवारहरू (विशेषगरी महिला वा युवाहरू) लाई श्रम शक्तिबाट बाहिरीन प्रोत्साहित गर्दछ। दोस्रो, विदेश प्रवासनको तीव्रताले विशेषगरी कृषि र निर्माण जस्ता क्षेत्रमा काम गर्ने उमेरका मानिसको घरेलु आपूर्तिलाई कम गर्छ।

७ सन् २०१८ मा नेपालले आधिकारिक श्रम बजार सम्बन्धी तथ्याङ्क हासिल गर्न श्रम तथ्याङ्कविद्हरूको १९औं अन्तर्राष्ट्रिय सम्मेलनमा सहमत भएका अवधारणा र परिभाषाहरू अपनायो । यस मानव पुँजी समीक्षामा हामी श्रम बजार तथ्याङ्कका नयाँ आधिकारिक परिभाषाहरूको प्रयोग गर्छौं । तसर्थ, यहाँ बताइएको संख्या विश्व बैंकको नेपाल जब्स डायग्नोस्टिक (२०२०) मा रिपोर्ट गरिएको संख्या अनुरुप हुन जरूरी छैन । प्रयोग गरिएको उक्त परिभाषा अन्तर्राष्ट्रिय श्रम बजार तथ्याङ्कसँग तुलना गर्न सकिन्छ र विश्व बैंकले उपयोग-समायोजित मानव पुँजी सूचकाङ्क तयार गर्न प्रयोग गर्दछ ।

**रेखाचित्र २२** : नेपालमा मानव पूँजी र उपयोग-समायोजित मानव पूँजी सूचकाङ्क र कुल गार्हस्थ उत्पादन घाटा, २०२०




*स्रोत:* विश्व बैंकको उपयोग-समायोजित मानव पूँजी सूचकाङ्कमा आधारित स्व-व्याख्या। श्रम बजारका तथ्याङ्का लागि नेपाल सरकारका नयाँ परिभाषाहरू प्रयोग गर्न श्रम शक्ति सहभागिता दरमा समायोजन गरिन्छ। उपयोग-समायोजित मानव पूँजी सूचकाङ्कको गणितीय आँकडा र प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादनसँग यसको सम्बन्ध पेनिङ्स (२०२०) मा उपलब्ध छ।

**रेखाचित्र २४** : नेपालको क्षेत्रीय तहमा मानव पूँजी र उपयोग-समायोजित मानव पूँजी सूचकाङ्क, २०२३




*स्रोत:* स्व-व्याख्या। ५ वर्षको उमेरसम्मको जीवनरक्षा सम्भावना र ५ वर्ष मुनिका बच्चाहरूको अनुपात जनसांख्यिकी तथा स्वास्थ्य सर्वेक्षण, २०२२ बाट प्राप्त भएको हो। १५-६० वर्षको उमेरसम्म आयुदर पाण्डे र एडेर (२०२२) बाट प्राप्त भएको हो। विद्यालयका अपेक्षित वर्षहरू फ्ल्यास। रिपोर्ट २०८० (२०२३/२४) बाट प्राप्त भएका हुन्। समन्वित परिक्षणका स्कोरहरू विद्यार्थीहरूको उपलब्धी सम्बन्धी राष्ट्रिय मूल्याङ्कन, २०२० ले गरेको ८ कक्षाको गणित, नेपाली र विज्ञान विषयको औसत स्कोरबाट गणना गरिएको हो। श्रमशक्ति सहभागिता दरले श्रम बजार तथ्याङ्का लागि नेपाल सरकारको परिभाषा प्रयोग गर्दछ। यो १५ देखि ६४ वर्ष उमेरका जनसङ्ख्याको लागि अनुमानित हिसाब हो र नेपाल जीवनस्तर सर्वेक्षण २०२२/२३ प्रयोग गरेर गणना गरिएको छ।

**रेखाचित्र २३** : दक्षिण एशियामा उपयोग-समायोजित मानव पूँजी, २०२०




*स्रोत:* विश्व बैंकको उपयोग-समायोजित मानव पूँजी सूचकाङ्कमा आधारित स्व-व्याख्या। नेपालमा श्रम बजारका तथ्याङ्का लागि नेपाल सरकारका नयाँ परिभाषाहरू प्रयोग गर्न श्रम शक्ति सहभागिता दरमा समायोजन गरिन्छ।

अर्थ काम खोज्ने सम्बन्धमा सुजाता र उनका साथीहरूले अन्य क्षेत्रका साथीहरूको तुलनामा विशाल चुनौतीहरूको सामना गर्नुपर्ने सम्भावना छ भन्ने हुन्छ। फलतः उनीहरूलाई आफ्नो घर समुदाय छोड्ने र कामका अवसर पाइने नयाँ ठाउँमा जानुपर्ने बारे कठोर निर्णय लिन बाध्य बनाउन सक्छ।

**मानव पूँजीको उपयोग गर्ने सवालमा महिलाहरूले अनगिन्ति समस्याहरूको सामना गर्नु परेको छ।** महिलाहरू पुरुषकै तुलनामा मानव पूँजी सञ्चयको समान स्तरमा पुगे पनि औसतमा एक जना नेपाली बालकले आफ्नो सम्भाव्य क्षमताको २६ प्रतिशत प्रयोग गर्ने हुँदा नेपाली बालिकाहरूले १२ प्रतिशत प्रयोग गर्छन् (**रेखाचित्र २५**)। श्रम शक्तिमा महिलाको सहभागिता निकै कम छ जसअनुसार काम गर्न सक्ने उमेरका महिलाहरूमा ३ जना मध्ये १ भन्दा कमले मात्र भुक्तानी पाउने काम पाएका छन्। यो दर निम्न-मध्यम आय भएका राष्ट्रहरूको औसतभन्दा पनि निकै कम हो (**रेखाचित्र २६**)। यो विकराल वास्तविकताले डाक्टर बन्ने सपना देख्ने सुजाता जस्ता बालिकाको सम्भावनालाई चकनाचुर बनाउँछ। धेरै महिलाहरू अनौपचारिक निर्वाहमूखी काममै सीमित छन् जसको कारण नेपालको मानव पूँजी सम्भावनामा निकै क्षति हुन्छ।

**महिलाहरूले पुरुषहरूको तुलनामा मानव पूँजी सञ्चयको समान स्तर प्राप्त गर्छन् तर उनीहरू यसलाई मूलतः भुक्तानी प्राप्त नहुने निर्वाहमूखी कामका लागि प्रयोग गर्छन्। यसको परिणामस्वरूप राष्ट्रको प्रतिभाको निकै क्षति हुन्छ।**

**रेखाचित्र २५**: नेपालको क्षेत्रीय स्तरमा रहेको मानव पूँजी र उपयोग- समायोजित मानव पूँजी सूचकाङ्क, २०२३




*स्रोत:* मानव पूँजी सूचकाङ्क २०२० डाटाबेस र आधिकारिक उपयोग-समायोजित मानव पूँजी सूचकाङ्क तथ्यांक परिशिष्टको तथ्यांकमा आधारित स्व-व्याख्या, नेपाल जीवनस्तर सर्वेक्षण, २०२२/२३ को सुक्ष्म तथ्यांकबाट हिसाब गरिने १५ देखि ६४ वर्ष उमेर समूहका रोजगारी दर र लिङ्ग अनुसारको असंगठित आधिकारिक समन्वित परीक्षण स्कोर नभएकाले समन्वित परीक्षण स्कोर (एचटीएस) बाहेक। अत: समन्वित परीक्षण स्कोरहरू विद्यार्थीहरूको उपलब्धी सम्बन्धी राष्ट्रिय मूल्याङ्कन, २०२० ले गरेको ८ कक्षाको गणित, नेपाली र विज्ञान विषयको औसत स्कोरबाट गणना गरिएको हो।

**रेखाचित्र २६** : श्रम शक्ति सहभागिता दर, महिला (महिला जनसङ्ख्याको % उमेर १५+) (नमुनामा आधारित आइएलओको अनुमान), २०२२




*स्रोत:* विश्व विकास सूचकहरूमा आधारित स्व-व्याख्या - विश्व बैंक।

## बाकस ३ . उपयोग-समायोजित मानव पूँजी सूचकाङ्क

उपयोग-समायोजित मानव पूँजी सूचकाङ्कहरू आधारभूत र पूर्ण सूचकाङ्क गरी दुई किसिमका छन्। यस प्रतिवेदनमा बताइएका सबै तथ्याङ्कले आधारभूत उपयोग-समायोजित मानव पूँजी सूचकाङ्कलाई जनाउँछ जसलाई हामी छोटकरीमा यूएचसीआई भनेर भन्छौं। पूर्ण उपयोग-समायोजित मानव पूँजी सूचकाङ्कले रोजगारी संख्यालाई मात्र नभएर गुणस्तरलाई पनि ध्यान दिन्छ।

आधारभूत उपयोग-समायोजित मानव पूँजी सूचकाङ्कको निम्न घटकहरू प्रयोग गरेर हिसाब गरिन्छ :




नेपालमा प्रदेशको आधारभूत उपयोग-समायोजित मानव पूँजी सूचकाङ्क निम्न सूत्र प्रयोग गरेर निकालिएको थियो।

$$\text{उपयोग-समायोजित मानव पूँजी सूचकाङ्क}_p = \text{मानव पूँजी सूचकाङ्क}_p * \text{रोजगारीको दर}_p$$

जहाँ p ले प्रदेशलाई जनाउँछ। यसलाई यसरी मापन गरिन्छ:

$$\text{रोजगारी दर}_p = \frac{\text{काम गर्ने १५-६४ वर्षका मानिसहरुको संख्या}}{\text{१५-६४ वर्षका मानिसहरुको जनसंख्या}}$$

यो रोजगारी दर नेपालको केन्द्रीय तथ्याङ्क ब्यूरोको नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८ को प्रतिवेदन (तालिका १.६) बाट लिइएको हो। यदि कुनै व्यक्ति वस्तु उत्पादन गर्ने कार्यमा वा अन्तर्वार्ताको अघिल्लो हप्तासम्म भुक्तानी पाउने गरी सेवा प्रदान गर्ने वा तलब वा नाफाका लागि सेवाहरू प्रदान गर्ने कुनै गतिविधिमा संलग्न भएको भएमा उसलाई/उनलाई रोजगारमा रहेको मानियो। यसमा निम्न कुराहरू पर्छन् :

क) "काममा" रहेका मानिस अर्थात् तोकिएको हप्तामा कम्तिमा एक घण्टा काम गर्ने मानिसहरू।

ख) कार्यरत मानिसहरू "कामबाट अस्थायी रूपमा अनुपस्थित वा काम गर्ने समयको व्यवस्था (जस्तै शिफ्टको काम, फ्लेक्सटाइम र ओभरटाइमको बिदा) को कारण काममा छैनन्। भुक्तानी पाउने प्रशिक्षार्थीको कामलाई रोजगारीको रूपमा लिइन्छ।

*स्रोत:* पेनिङ्स (२०२०) मा आधारित स्व-व्याख्या।

**चित्र २७ : काम गर्ने उमेरको जनसंख्याको संरचना उजागर (१५+ उमेर), २०१८**




*स्रोत:* नेपाल जीवनस्तर सर्वेक्षण २०२३/२४ मा आधारित स्व-व्याख्या। श्रम बजार तथ्याङ्कले नेपाल सरकारको परिभाषाहरूको प्रयोग गर्दछ। अनौपचारिक रोजगारमा रोजगारदाताहरू, आफ्नै खाता भएका कामदारहरू र अनौपचारिक क्षेत्रका संस्थामा काम गर्ने पारिवारिक कामदारहरू, वार्षिक बिदा वा बिरामी बिदाका सुविधाको भुक्तान नपाउने कामदारहरू र भुक्तान गरिएका सिकारू/प्रशिक्षार्थी कामदारहरू पर्छन् जसका रोजगारदाताहरूले उनीहरूको सामाजिक सुरक्षामा योगदान गर्दैनन्। अनौपचारिक क्षेत्रका संस्थाहरूमा आधिकारिक दर्ता नभएका उद्यमहरूमा कार्यरत व्यक्तिहरू पर्छन् (निजी घरेलु प्रयोजनमा काम गर्नेहरू लगायत)।

## नेपालमा न्यून उपयोग-समायोजित मानव पूँजी सूचकाङ्कको कारक के हो ?

**नेपालको न्यून उपयोग-समायोजित मानव पूँजी सूचकाङ्क मुख्यतया महिलाहरूको न्यून श्रम शक्ति सहभागितामा आधारित छ।** औसत श्रम सहभागिता दर केवल ३९ प्रतिशत (**रेखाचित्र २७**) छ भने युवा (२८ प्रतिशत) र महिला (२६ प्रतिशत) को दर अझै न्युन छ। श्रम शक्तिमा काम गर्ने उमेरका १२ मिलियन भन्दा बढी मानिसहरू निष्क्रिय भएकाले राष्ट्रिय उत्पादकत्व र समृद्धि खुल्न सकेको छैन। निष्क्रिय जनसङ्ख्या मध्ये ५७ प्रतिशत भुक्तानी प्राप्त नहुने निर्वाहमूखी काममा संलग्न छन् (जस्तै, आफ्ना घरपरिवारको उपभोग्य वस्तुहरूको उत्पादन गर्ने), १९ प्रतिशत विद्यालयमा छन् र २४ प्रतिशत साँच्चै निष्क्रिय छन्। श्रम शक्तिमा भाग लिनेहरूमध्ये पनि झन्डै साठी लाख मानिसहरू अनौपचारिक रोजगारीमा छन् भने लगभग दस लाख मानिस बेरोजगार छन्। जस्तै: अदुवा खेती गर्ने सुजाताका बा मौसमी रूपमा मात्र दैनिक कामदारहरू राख्छन्।

**श्रम बजारमा रहेको संक्रमणको अवस्था नेपालका युवाहरूका लागि चुनौतीपूर्ण छ।** २०२१ मा नेपालमा १५-२४ वर्ष उमेरका एक तिहाइ भन्दा बढी युवाहरू शिक्षा, रोजगारी वा प्रशिक्षणमा थिएनन् (**रेखाचित्र २८**)। कम शिक्षा भएका युवाहरू, ससाना बच्चाहरू (०-३ वर्ष) भएकाले घरमै बस्नेहरू र मधेश वा कर्णाली प्रदेशमा बस्नेहरू शिक्षा, रोजगार वा प्रशिक्षणमा नअटाउने उच्च जोखिममा छन्। श्रम बजारको यो जटिल संक्रमणले युवाहरूलाई आफ्नो मानव पूँजीको उपयोग गर्ने र उत्पादकत्व क्षमताबाट लाभान्वित हुने सवालमा ठूलो नोक्शान हुन्छ।

**रेखाचित्र २८: दक्षिण एशियामा शिक्षा, रोजगार वा प्रशिक्षणमा नभएका युवाहरूको हिस्सा, २०२२**




*स्रोत:* विश्व विकास सूचकहरू।

**रेखाचित्र २९:** काम गर्ने उमेर प्रवेश गर्ने मानिसको सङ्ख्याका लागि सिर्जना गरिएको रोजगारीको अनुपात, २०१०-२०१८




*स्रोत:* लियोन एवं समूह (२०२४)।

## नेपालमा श्रमशक्तिको सहभागिता दर किन कम छ ?

**पर्याप्त गुणस्तरीय रोजगारहरू नभएकाले नेपालले कठिन रोजगारी चुनौती खेप्नु परिरहेको छ।** पाइने अधिकांश कामहरू कम तलब भएका र अनौपचारिक क्षेत्रमा केन्द्रित छन् जहाँ कामदारहरू सुरक्षा र सुविधाबाट बञ्चित छन्। रोजगारी सिर्जनासँग श्रम बजारमा प्रवेश गर्ने युवाहरूको बढ्दो संख्यासँग तालमेल हुन नसक्दा सन् २०१० देखि २०१८ को बीचमा १० जना नयाँ काम गर्ने उमेरका व्यक्तिहरू मध्ये ४ जनाले मात्र काम पाउन सकेका थिए **(रेखाचित्र २९)**।

**आज, नेपालको ८२ प्रतिशत कार्यबल अनौपचारिक रोजगारीमा छ जुन क्षेत्रीय र विश्वव्यापी औसतभन्दा धेरै हो (रेखाचित्र ३० र ३१)।** आफ्नो सानो खेतीमा अनौपचारिक रूपमा काम गर्ने सुजाताका बुबा जस्ता मानिसहरूका लागि यसले गम्भीर असर पार्छ। उनी जस्ता अनौपचारिक कामदारहरूले समान सीप र शिक्षा भएको अवस्थामा पनि औपचारिक काम गर्नेहरूको तुलनामा औसतमा २९ प्रतिशत कम आम्दानी गर्छन्। यो "अन्यायपूर्ण पारिश्रमिक" ले उनीहरूको जीवन अघि बढाउन वा सुधार गर्न लगभग असम्भव तुल्याउँछ। सुजाता जस्ता परिवारको हकमा यसको अर्थ निर्वाहका लागि निरन्तर संघर्ष गर्नु र गरिबीको दुष्चक्रबाट मुक्त हुने अवसरहरू थोरै मात्र प्राप्त हुनु भन्ने लाग्छ।

**महिलाहरूले घरको काम र बालबच्चाको स्याहारसुसार गर्ने जिम्मेवारी उठाउनु पर्ने हुँदा अनौपचारिक श्रम बजारमा उनीहरूको सहभागिता उल्लेख्य छ।** करिब दुई तिहाइ नेपाली महिलाहरू

**रेखाचित्र ३० :** कुल रोजगार प्राप्त जनसङ्ख्यामा १५-६४ वर्ष उमेर समूहका अनौपचारिक क्षेत्रका कामदारहरूको प्रतिशत, २०२२




*स्रोत:* विश्व रोजगार सूचक डाटाबेस (जोइन) र विश्व विकास सूचकहरूमा आधारित स्व-व्याख्या। नेपालको तथ्याङ्क सरकारको परिभाषा अनुसार नेपाल जीवनस्तर सर्वेक्षण २०२३/२४ प्रयोग गरेर अनुमानित हिसाब गरिएको छ।

**रेखाचित्र ३१ :** नेपालमा छनौट गरिएका श्रम बजार सूचकहरू, २०२३ - २०२४




*स्रोत:* नेपाल जीवनस्तर सर्वेक्षण २०२३/२४ मा आधारित स्व-व्याख्या। श्रम बजार तथ्याङ्कले नेपाल सरकारको परिभाषाहरूको प्रयोग गर्दछ। पुनश्च: (१) युवाहरू १५-२४ वर्ष उमेर समूहका छन्। (२) श्रमशक्तिको सहभागितालाई १५+ उमेर समूहको रूपमा परिभाषित गरिएको काम गर्ने उमेर जनसङ्ख्याको प्रतिशतमा मापन गरिएको। (३) काम गर्ने उमेरको जनसङ्ख्या माझ कुल रोजगारीको प्रतिशतमा गणना गरिएको अनौपचारिकता दर। अनौपचारिक रोजगारमा रोजगारदाताहरू, आफ्नै खाता भएका कामदारहरू र अनौपचारिक क्षेत्रका संस्थामा काम गर्ने पारिवारिक कामदारहरू, वार्षिक बिदा वा बिरामी बिदाका सुविधाको भुक्तान नपाउने कामदारहरू र भुक्तान गरिएका सिकारू/प्रशिक्षार्थी कामदारहरू पर्छन् जसका रोजगारदाताहरूले उनीहरूको सामाजिक सुरक्षामा योगदान गर्दैनन्। अनौपचारिक क्षेत्रका संस्थाहरूमा आधिकारिक दर्ता नभएका उद्यमहरूमा कार्यरत व्यक्तिहरू पर्छन् (निजी घरेलु प्रयोजनमा काम गर्नेहरू लगायत)।

**रेखाचित्र ३२**: नेपालमा घरमा भएको सबैभन्दा कान्छो बच्चाको उमेर र लिङ्कका आधारमा श्रम शक्तिको सहभागिता दर, २०२३-२०२४




*स्रोत:* नेपाल जीवनस्तर सर्वेक्षण २०२३/२४ मा आधारित स्व-व्याख्या । श्रम शक्ति सहभागिता दरले श्रम बजार तथ्याङ्कका लागि नेपाल सरकार/अन्तर्राष्ट्रिय श्रम संगठनको परिभाषा प्रयोग गर्दछ । काम गर्ने उमेरको जनसंख्या १५+ हो ।

**रेखाचित्र ३३**: नेपालमा लिङ्ग र शिक्षाको स्तरको आधारमा श्रम शक्तिको सहभागिता दर, २०२३-२०२४




*स्रोत :* नेपाल जीवनस्तर सर्वेक्षण २०२३/२४ मा आधारित स्व-व्याख्या । श्रमशक्ति सहभागिता दरले श्रम बजार तथ्याङ्कका लागि नेपाल सरकार/अन्तर्राष्ट्रिय श्रम संगठनको परिभाषा प्रयोग गर्दछ । काम गर्ने उमेरको जनसंख्या १५+ हो ।

खाना पकाउने, सरसफाइ गर्ने र बालबालिकाको स्याहारसुसार गर्ने जस्ता पारिश्रमिक नपाइने घरेलु काममा संलग्न छन् । भरपर्दा बाल स्याहार सेवाको अभाव र कार्यस्थलमा अपर्याप्त प्रसूति बिदा सम्बन्धी नीतिहरूको कारण यो अवस्था झनै बिग्रिएको छ । भरपर्दा बाल स्याहार सेवाहरूको अभावले अक्सर महिलाहरूसँग आफ्ना ससाना बालबच्चाहरूको हेरचाह गर्न घरमै बस्नु शिवाय अरू विकल्प छैन जसले औपचारिक कामहरू गर्ने उनीहरूको क्षमतामा अवरोध पुर्‍याउँछ (**रेखाचित्र ३२**) । यसका अतिरिक्त, खासगरी कम शिक्षा भएका मानिसहरू माझ पुरुष र महिलामा बीचको तलबको अन्तर निकै ठुलो छ । उदाहरणका लागि, प्राथमिक शिक्षा पूरा नगरेकी सुजाताकी आमा जस्ता न्यून शिक्षा भएका महिलाहरूले औपचारिक श्रम बजारमा विरलै अवसर भेट्छन् (**रेखाचित्र ३३**) ।

**सुजाताको परिवारको अदुवाखेती जस्ता लघु उद्यम एवं साना तथा मझौला व्यावसायहरूले रोजगारी सिर्जनाको लागि आशाजनक मार्ग प्रशस्त गर्नुका बाबजुद् तिनले गम्भीर चुनौतीहरूको सामना पनि गर्नु परेको छ** । पूँजीमा भएको सीमित पहुँचले उनीहरूको वृत्तिविकास र रोजगारी सिर्जना गर्ने क्षमतालाई निकै साँघुरो बनाउँछ । यथेष्ट आर्थिक सहयोग बिना यी व्यवसायहरू फस्टाउन सक्दैनन् जसको फलस्वरूप देशको रोजगार आवश्यकतामा अर्थपूर्ण योगदान पुर्‍याउने उनीहरूको क्षमता साँघुरो बन्न पुग्छ । उदाहरणका लागि, सुजाताका बाको अदुवा खेतीलाई नै मानौं । उनीसँग सानो टुक्रा जग्गा छ तर आर्थिक स्रोत नजुट्दा व्यवसाय विस्तार वा सुधार गर्न उनको केही जोड चल्दैन । खेतीमा प्रगति र समुदायमा रोजगारी प्रदान गर्ने उनको सपना अपुरै रहने छ । खेतमै रोजगार सिर्जना गरेर काम गर्न सक्ने मानिसहरू लगायत पुरै परिवार निर्वाहमुखी खेतीको चङ्गुलमा फसेका छन् ।

**पूँजीको पहुँच नहुनाले सुजाताको जस्तो व्यवसायमा रहेको सम्भावना सीमित गर्ने मात्र नभई नेपालको आर्थिक लाभांशलाई पूर्ण रूपमा उपयोग गर्ने क्षमतामा पनि अवरोध पर्‍याउँछ** । यदि कुनै राष्ट्रले आफ्नो बढ्दो कार्यबलको आवश्यकताहरू पूरा गर्ने हो भने यस्ता उद्यमका लागि सहयोगी हात खोज्नु अति आवश्यक हुन्छ । तर चुनौतीहरू यतिमा मात्र सीमित छैनन् । व्यवसाय र श्रम बजार सम्बन्धी नियमका बारेमा सीमित ज्ञान, ढिलो र जटिल दर्ता प्रक्रियाले गर्दा व्यवसाय सुरु गर्न वा विस्तार गर्न अझ कठिन हुन्छ । सुजाताको परिवार जस्ता महत्वाकांक्षी उद्यमीहरूका लागि यी अवरोधहरू छिचोल्न असम्भव जस्तै लाग्न सक्छ । यसले गर्दा वर्षौंपछि पनि धेरैजना एउटै स्थितिमा फसेका छन् । नेपालका लघु उद्यम एवं साना तथा मझौला व्यवसायहरूको पूर्ण क्षमतालाई उजागर गर्नका लागि यी यावत् अवरोधहरूबाट पार पाउन र विकास तथा रोजगारी सिर्जनामा थप सहयोगी वातावरणमा जोड दिन आवश्यक हुनेछ ।

**अनौपचारिक रोजगारीमा नेपालको बढ्दो निर्भरताले आर्थिक रूपमा निकै असर गर्छ** । दक्षिण एशियामा औसत अनौपचारिक कामदारहरूले औपचारिक क्षेत्रका आफ्ना समकक्षीहरूको तुलनामा ६१ देखि ६५ प्रतिशत कम आम्दानी गर्ने गरेको पाइन्छ ।[८] यो अन्यायपूर्ण पारिश्रमिकले व्यक्तिगत कामदार र तिनका

८ भारतका लागि कुमार र पाण्डे (२०२१) हेर्नुहोस् । बङ्गलादेशका लागि, रहमान, भट्टाचार्य र अल-हसन (२०१९) हेर्नुहोस् ।

**रेखाचित्र ३४** : नेपालमा काम गर्ने उमेर समूह (१८-५८) को जनसंख्या, १९५०-२०५०




*स्रोत:* विश्व जनसंख्या सम्भाव्यता (२०२२) मा आधारित स्व-व्याख्या । २०२२-२०५० का मानहरू मध्यम मानसँग सम्बन्धित छन् ।

परिवारहरूलाई असर गर्ने र गरिबीको दुष्चक्रमा फसाउने मात्र नभई देशको समग्र आर्थिक विकासमा पनि बाधा पुर्‍याउँछ । अत्यधिक अनौपचारिक कामले उत्पादकत्व सीमित गर्दछ, कर र राजस्वमा ह्रास ल्याउँछ र आयको असमानतालाई पनि बढाउँछ जसले नेपालको आर्थिक विकासमा दीर्घकालीन चुनौतीहरू सिर्जना गर्छ ।

### रोजगार अवसरहरू दुर्लभ छन् र उपलब्ध थोरै अवसरहरू पनि मुख्यतया अनौपचारिक क्षेत्रमा केन्द्रित कम गुणस्तरका रोजगारहरू हुन् ।

**नेपालको जनसांख्यिकीय ट्रेण्डलाई मध्यनजर गर्दा उपलब्ध रोजगारीको सङ्ख्यामा सुधार भएन भने भविष्यमा श्रम शक्तिमा सहभागी हुने काम अझ धेरै चुनौतीपूर्ण हुनेछ ।** सन् २०५० सम्ममा आर्थिक विकासलाई गति दिने नेपालको काम गर्ने उमेरको जनसंख्या उल्लेखनीय रूपमा वृद्धि हुने अपेक्षा गरिएको छ। यसलाई देशको जनसांख्यिकीय लाभांश पनि भन्ने गरिन्छ । तथापि, यस्तो जनसांख्यिकीय परिवर्तनको अर्थ नेपालले काम गर्ने उमेर (रेखाचित्र ३४)मा प्रवेश गर्ने युवाहरूको प्रवाहलाई समायोजन गर्न आगामी ३० वर्षमा ६.५ मिलियन रोजगारी सिर्जना गर्नु पर्नेछ भन्ने पनि हो । रोजगारी सिर्जनाको गति गत दशकमा जस्तै रहिरह्यो भने यो उपलब्धि हासिल गर्न कठिन हुने छ तर आफ्नो जनसांख्यिकीय लाभांशलाई सफलतापूर्वक श्रम लाभांशमा रूपान्तरण गर्न सक्ने पूर्वी एसियाली राष्ट्रहरूबाट पाठ सिक्न भने सकिन्छ । (**बाकस ४**) ।

## बाकस ४ . जनसांख्यिकीय लाभांशको सम्भाव्यताको उपयोग : कोरियाबाट सिक्नु पर्ने पाठ

विगत ४० वर्षको अवधिमा दक्षिण कोरियामा त्यस्तो संक्रमण पदार्पण भयो जहाँको प्रजनन् दर ह्वात्तै घट्यो, उमेर संरचनामा परिवर्तन आउन थाल्यो र कुल निर्भरता अनुपातले काम गर्ने उमेरका वयस्कहरूको जनसंख्याको ठूलो हिस्सा उत्पादन गर्न असमर्थ भयो । कुल निर्भरता अनुपात कुल आश्रीतहरू (उमेर ०-१४ र ६५+) र काम गर्ने उमेर (उमेर १५-६५) समूह बीचको अनुपात हो । यो संक्रमणले आर्थिक विकासलाई गति दिने अवसरको ढोका खोल्यो र दक्षिण कोरियाले सो अवसरलाई सदुपयोग गर्न विभिन्न क्षेत्रमा नीतिगत उपायहरू अपनायो र प्रति व्यक्ति कुल राष्ट्रिय आयमा वृद्धि गर्न सफल भयो :

- **निर्भरता अनुपातमा द्रुत गिरावट ल्याउने वृहत् जनसङ्ख्या निती ।** सार्वजनिक र निजी क्षेत्र मार्फत कार्यान्वयन गरिएको: (क) परिवार नियोजनका वृहत् कार्यक्रमहरू; (ख) गर्भनिरोधकको आपूर्तिमा प्रदायकहरूलाई दिइने प्रशिक्षणमा लगानी; (ग) विवाहित जोडीहरूमा परिवार नियोजनका साधन प्रयोग दरको वृद्धि; (घ) आमा समूहहरू ।
- **उच्च दक्ष श्रम शक्ति उत्पादन गर्ने शिक्षा तथा सीप विकासको रणनीति ।** मानिसहरूलाई आर्थिक विकासका लागि आवश्यक ज्ञान र सीप प्रदान गर्न अनिवार्य प्राथमिक शिक्षादेखि "उत्पादन-उन्मुख शिक्षा" सम्म ।
- **वृहत् आर्थिक योजनाहरू ।** (क) ठूलो मात्रामा श्रमको आवश्यकता हुने क्षेत्रहरूमा लगानी (कृषि, निर्माण, रसायन, फलाम, स्टिल), (ख) पूर्वाधार र ग्रामीण निर्माण कार्यक्रमहरूमा लगानी, (ग) वैदेशिक प्रत्यक्ष लगानी (एफडीआई) मा ल्याइएको व्यापार अनुकूल वातावरणको सिर्जना ।

दक्षिण कोरियाले परिवार नियोजन तथा आर्थिक विकास नीतिहरू दुवै एकै समयमा (१९६२) लागू गर्ने योजनासहितको निर्णय गरेको थियो भन्ने कुरा स्मरणीय छ । उसले यी दुवै प्रयासहरूलाई पारस्परिक रूपमा सुधार गर्न र क्रमिक रूपमा कार्यान्वयन गरिएको भन्दा सम्भवत: बढी प्रभावकारी बनाउन सक्यो ।

*स्रोत:* विश्व बैंक (२०२०) ।

**रेखाचित्र ३५:** दक्षिण एसियामा प्रवासीहरूको संख्या र उनीहरूको जनसंख्याको हिस्सा, २०२०




*स्रोत:* संयुक्त राष्ट्र आर्थिक तथा सामाजिक मामिला विभाग, जनसंख्या महाशाखा।

**रेखाचित्र ३६ :** कुल गार्हस्थ्य उत्पादनको % अनुसार विप्रेषणको सबैभन्दा ठूलो हिस्सा भएका राष्ट्रहरू, २०२२




*स्रोत:* विश्व विकास सूचकहरू।

**मुलुकभित्र रोजगारीका अवसरहरू कम भएकाले धेरै नेपाली पुरुषहरू आकर्षक पारिश्रमिक र उज्ज्वल भविष्यको आशामा विदेशिन्छन्।** विगतका वर्षहरुलाई हेर्दा आप्रवासनको दर बढेको छ। सन् १९९० मा नेपालबाट विदेशिनेहरूको संख्या लगभग ७५०,००० थियो, सन् २०२० सम्ममा यो संख्या बढेर २.६ मिलियन पुग्यो जुन जनसंख्याको लगभग ८ प्रतिशत र दक्षिण एशियामा अत्यधिक आप्रवासन दरमध्ये एकको रुपमा वृद्धि भएको थियो। यो अफगानिस्तान (रेखाचित्र ३५) पछिको दोस्रो स्थान हो।

**यी प्रवासीहरूले घर पठाउने पैसा (विप्रेषण) लाखौं परिवारको आर्थिक आधार बनेको छ।** आज, विप्रेषणले नेपालको कुल गार्हस्थ्य उत्पादनको झण्डै एक चौथाइ हिस्सा ओगटेको छ जसले नेपाललाई विप्रेषण पाउने शीर्ष स्थानमा (रेखाचित्र ३६) राखेको छ। आप्रवासनका चुनौतीहरू आफ्नो ठाउँमा छन् तर पछिल्ला दशकमा नेपालमा गरिबी न्यूनीकरणका लागि विप्रेषण सबैभन्दा ठूलो स्रोत बनेको छ। यी आर्थिक स्रोतहरूले परिवारहरूलाई शिक्षा, स्वास्थ्य सेवा र आवासमा लगानी गर्न सक्षम तुल्याएको छ। धेरैलाई गरिबीबाट मुक्त गर्न र उनीहरूको जीवन गुणस्तर सुधार गर्न सघाएको छ।

**हो, यो प्रगतिका लागि सम्झौता गर्न जरूरी छ।** नेपालका दक्ष र अदक्ष दुवै श्रमशक्ति अन्य राष्ट्रको विकासमा योगदान पुऱ्याउन काम गर्दै आएका छन्। उदाहरणका लागि सुजाताका काकालाई नै लिऔं। उनी वर्षौंदेखि दुबईमा काम गर्दै आइरहेका छन् र सुजाताका बालाई पनि उतै आउन आग्रह गर्छन्। तर सुजाताका बा हिच्किचाउँछन्। उनी नौलो संस्कृति, फरक कार्य वातावरणका चुनौतीहरू र घरबाट टाढा हुनुको पीडा जस्ता विदेशको जीवन बारे अनिश्चित र चिन्तित छन्। उनको द्विविधाले धेरै नेपाली कामदारहरूले विदेशको राम्रो पारिश्रमिक खोज्ने कि आफ्नो घर परिवारको नजिक रहने बीचको कठिन रोजाइलाई दर्शाउँछ।

**विदेशबाट फर्केर आउनेहरूलाई नेपालको कार्यबलमा पुन: समायोजन गर्नु अर्को चुनौती हो।** आफ्नो संक्रमणकालिन अवस्थालाई थेग्ने पर्याप्त कार्यक्रमहरू बिना धेरैलाई आफ्नो सीप र अनुभव अनुसार सुहाउने काम भेट्न गाह्रै पर्छ। पुन: समायोजन गर्ने यो चुनौतीले नेपाललाई विदेशमा कामदारहरूले प्राप्त गरेको ज्ञान र मानव पूँजीबाट पूर्ण लाभ लिनबाट बञ्चित गर्छ। नेपालले आफ्नो कार्यबलको क्षमता र सम्भाव्यताको उपयोग गर्ने र आप्रवासनलाई अस्थायी समाधान मात्र नभई दीर्घकालीन आर्थिक विकासको कडी बनाउने हो भने यो समस्याको सम्बोधन जरूरी छ।

**(राम्रो) रोजगारीको अभाव आप्रवासनको कारण बन्छ जसले विप्रेषण ल्याउँछ। यसले गर्दा नेपालको मानव पूँजी धेरै हदसम्म विदेशमै प्रयोग भइरहेको छ।**

# ४. निष्कर्ष: हामी नेपाली युवाहरूलाई आफ्नो पूर्ण क्षमता र सम्भाव्यता हासिल गर्न कसरी सहयोग गर्न सक्छौं?

**नेपालको मानव पूँजी समीक्षाका अनुसार हाल भएका प्रयासहरू पर्याप्त छैनन्।** उच्च गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सीमित पहुँचले आजका बालबच्चाहरूलाई गरिबीबाट माथि उठ्न र उनीहरूको पूर्ण क्षमतालाई उजागर गर्न आवश्यक पर्ने मानव पूँजी निर्माण गर्नबाट रोक्दै आएको छ। आजको कार्यबलका लागि अवसरहरू नगण्य छन् र उपलब्ध रोजगारहरू पनि कम गुणस्तरका छन् । यसले कामदारहरूको आफूसँग भएको मानव पूँजीको पूर्ण उपयोग गर्ने क्षमतालाई सीमित गर्दछ । पर्याप्त नीतिगत परिवर्तनहरू बेगर सुजाताको पुस्ताको अवस्था झन् खराब हुने निश्चित छ।

**यसका अतिरिक्त, नेपालले बढ्दो वायु प्रदूषण, जलवायु परिवर्तनको खतरा, महामारी, र जनसांख्यिकीय दबावहरूको सामाजिक र वातावरणीय चुनौतीहरूको सामना गरिरहेको छ।** यसले मानव पूँजी निर्माण र लाभ उठाउने प्रयासहरूमा थप अवरोध पुऱ्याउने छ। सम्बोधन नगरिएमा नेपालको हालको प्रक्षेपणले सुजाता र उनका साथीहरूको भविष्यलाई जोखिममा पार्न सक्छ र देशलाई विद्यमान निम्न-मध्यम आयको स्थिति गुम्ने जोखिममा धकेल्न सक्छ। फलत: सन् २०३० सम्ममा उच्च-मध्यम आय भएको राष्ट्र बन्ने लक्ष्यमा पुग्न असफल तुल्याउन सक्छ।

**यो विकराल नतिजाबाट बच्न नेपाललाई रूपान्तरणमूखी लगानी र प्रयासको तत्काल कदम चाल्न आवश्यक छ।** समस्या गम्भीर छ र अवसरका ढोकाहरू बन्द हुँदैछन्। अर्थपूर्ण प्रगति हासिल गर्न देशले मानव पूँजीमा कसरी लगानी गर्छ र यसले त्यसको उपयोगलाई कसरी वृद्धि गर्छ भन्नेमा आधारभूत परिवर्तनको आवश्यकता पर्दछ। शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा सार्वजनिक लगानी बढाउनु पर्छ र नेपालको मानव पूँजीको बाटो बदल्न र सबैको समृद्ध भविष्यको जग बसाल्न यसलाई रणनीतिक रूपमा प्रयोग गर्नुपर्छ।

**नेपालको मानव पूजी समीक्षाले यस रूपान्तरणका लागि नेपालमा मानव पूँजी सञ्चय र उपयोगलाई बढाउने उद्देश्यसाथ दिइएका सुझावहरू भएको एउटा मार्गचित्र प्रदान गर्दछ।** तालिका १ मा उल्लिखित यी सुझावहरूले नीति निर्माता र सरोकारवालाहरूका लागि सुरूवाती बिन्दु प्रस्तुत गर्दछ। सुजाता र भावी पुस्ताका नेपाली कामदारहरूले आफ्नो क्षमता र सम्भाव्यता पूरा गर्ने, आफ्नो प्रतिभाको विकास गर्ने र सबैका लागि समृद्ध नेपाल निर्माणमा योगदान पुऱ्याउने अवसर पाउन तिनको कार्यान्वयन गर्नु आवश्यक हुनेछ।

**तालिका १** : मानव पूँजी सञ्चय र उपयोगका लागि नीतिगत सुझावहरू।

| नीतिगत क्षेत्र | सुझावहरू | प्रमुख कार्यहरू |
|---|---|---|
| **शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा क्षेत्रमा अझ यथेष्ट लगानी** | शिक्षा र स्वास्थ्य क्षेत्रमा सार्वजनिक खर्च बढाउने | शिक्षा र स्वास्थ्यमा सार्वजनिक खर्च बढाउने : नेपालको आयस्तर र राष्ट्रिय उद्देश्यहरू बीचको तारतम्यता मिलाउन र विश्व स्तरका सुझावहरू पूरा गर्न शिक्षा र स्वास्थ्यमा सरकारी खर्च बढाउने। सन् २०२२ मा नेपालमा शिक्षामा रहेको सरकारी खर्च कुल गार्हस्थ उत्पादनको ३.७% थियो जुन न्यून-मध्यम आय भएका राष्ट्रहरूको औसत खर्च (४.३%) भन्दा कम र युनेस्कोले सिफारिस गरेको ६% भन्दा निकै न्यून हो। सन् २०२२ मा नेपालमा स्वास्थ्यमा रहेको सरकारी खर्च कुल गार्हस्थ उत्पादनको २.१% थियो जुन न्यून-मध्यम आय भएका राष्ट्रहरूको औसत खर्च (३.९%) भन्दा कम र विश्वव्यापी स्वास्थ्य कभरेज प्राप्त गर्न विश्व स्वास्थ्य संगठनले सिफारिस गरेको ५% भन्दा कम हो। |
| | सामाजिक क्षेत्रमा समता र दक्षता बढाउने र मानव संसाधन एवं सार्वजनिक खर्चको विनियोजन गर्ने | *समता* : मधेश, कर्णाली र सुदूरपश्चिम जस्ता मानव पूँजी न्यून भएका प्रदेशहरूलाई प्राथमिकता दिँदै त्यहाँ शिक्षा र स्वास्थ्य स्रोतहरू अझै समतामूलक तवरबाट विनियोजन गर्ने। यसमा यी प्रदेशका यथेष्ट आवश्यकताहरू पूरा गर्न प्रति विद्यार्थी र प्रति व्यक्ति आर्थिक कोष बढाउने कुरा पर्दछ। समताले मानव संसाधनहरूको वितरणलाई पनि अघि बढाउनु पर्छ। शिक्षक र स्वास्थ्य सेवा प्रदायकहरूको सन्तुलित वितरण गर्नाले कम सेवा र सुविधा प्राप्त यी क्षेत्रमा विद्यार्थी र शिक्षक तथा जनसंख्या र स्वास्थ्य सेवा प्रदायक बीचमा रहेको अत्यधिक उच्च अनुपातलाई कम गर्न सघाउँछ। यसले ग्रामीण क्षेत्रमा योग्य विषय शिक्षकहरूको कमीलाई पनि सम्बोधन गर्नेछ।<br><br>*दक्षता* : विशेष नीति एवं वितरण (जस्तै लक्षित जनसंख्या र प्रदान गरिएको सेवा) र तिनलाई घटाउने ढाँचाहरूको पहिचान गर्न आधारभूत स्वास्थ्य सेवा प्याकेज, राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रम, सामाजिक सुरक्षा कोष र कर्मचारी सञ्चय कोष जस्ता कार्यक्रमहरूको संयुक्त समीक्षा गर्ने। यी योजनाहरूको समन्वयले प्रशासनिक खर्च घटाउने र स्रोत बाँडफाँडमा सुधार गर्नेछ। नीति, कार्यक्रम तथा प्रणालीहरूको निरीक्षण गर्न सामाजिक सुरक्षाका लागि एकलौटी र उत्तरदायी संस्थाको स्थापना गर्नाले पहलहरू बीच समन्वय, दक्षता र प्रभावकारितामा सुधार ल्याउन सक्छ। शिक्षाको हकमा विद्यमान र अनुमानित भर्ना ढाँचाहरू बीच प्रभावकारी सन्तुलन कायम गर्न विद्यालय नेटवर्कहरूलाई व्यवस्थित गर्नुपर्छ। यसमा विद्यार्थी संख्या घट्दै गएको क्षेत्रमा कम उपयोग भएका विद्यालयहरूलाई गाभ्ने प्रक्रिया पर्न सक्छ। |
| **बलियो सुशासन र स्थानीय सेवा वितरणमा सुधार** | शासन ढाँचा सुदृढ गर्ने र स्थानीय सेवा वितरणमा सुधार गर्ने | शासकीय प्रारूप बलियो बनाउने र स्थानीय सेवा वितरणमा सुधार गर्ने : सङ्घीय शिक्षा विधेयक अनुमोदन गर्ने र सार्वजनिक स्वास्थ्य सेवा ऐन, २०७५ र सार्वजनिक स्वास्थ्य सेवा ऐन, २०७७ कार्यान्वयन गर्ने। शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा सेवा वितरण सम्बन्धी जवाफदेहीतामा सुधार ल्याउन सङ्घीय, प्रदेश र स्थानीय सरकारका भूमिका र जिम्मेवारीहरूलाई स्पष्ट परिभाषित गर्ने। स्वास्थ्य र शिक्षा सेवाको समन्वय र वितरण एवं स्थानीय स्तरमा तालिमप्राप्त मानव संसाधनहरूको व्यवस्थापनमा प्रदेशमा रहेका संघसंस्थाहरूलाई सहयोग गरी मानव पूँजी बढाउन प्रदेशको भूमिकाको लाभ उठाउने। फरक आवश्यकताका आधारमा खर्च सम्बन्धी निर्णय तयार गर्ने अधिक स्वतन्त्रता प्रदान गरी स्थानीय सरकारहरूलाई तथ्याङ्कसहित सशक्त बनाउने। नतिजालाई प्रोत्साहित गर्न र प्रयासहरूलाई सुव्यवस्थित गर्न एवं स्रोतहरू अनुकूलन गर्न स्थानीय स्तरमा एकीकृत सेवा वितरण मोडलहरूको खोजी गर्न कार्यसम्पादनमा आधारित अनुदानहरू ल्याउनुपर्छ। दक्ष र प्रभावकारी सेवा वितरणका लागि सरकारका सबै तहमा योजना, बजेट र अनुगमन बीच बलियो समन्वय कायम राख्ने। सेवा वितरण श्रृंखलामा सबै पक्षहरूको क्षमता विकासमा लगानी गर्ने। |
| **गम्भीर स्वास्थ्य समस्या र अकाल मृत्यु न्यूनीकरण गर्ने प्रयासलाई गति** | सुधारिएको पोषणका लागि बाल अनुदान कार्यक्रमको प्रभावकारिता बढाउने | मधेश, कर्णाली र सुदूरपश्चिम जस्ता गम्भीर स्वास्थ्य समस्या र अकालमा हुने मृत्युदर अत्यन्त उच्च भएका पिछडिएका क्षेत्रहरूमा केन्द्रित रहेर प्रदेश स्तरका लक्ष्यहरू स्थापना र अनुगमन गर्ने। यसले अति विपन्न जनसंख्यालाई सबैभन्दा बढी असर गर्छ। कम आय भएका घरपरिवारहरू लगायत अति सङ्कटासन्न समूहहरूलाई लक्षित गर्न, असमानता कम गर्न र यी कम सेवा भएका क्षेत्रको परिणाम सुधार गर्न विशेष रणनीति र उपाय रच्ने। |

| नीतिगत क्षेत्र | सुझावहरू | प्रमुख कार्यहरू |
|---|---|---|
| | मातृ-शिशु स्वास्थ्य सेवाहरू मजबुद बनाउने | बाल अनुदान कार्यक्रममा "*क्यास प्लस*" विशेषता राखेर लाभग्राहीहरूका लागि अतिरिक्त स्वास्थ्य तथा पोषण सेवाहरू प्रदान गर्नुका साथै सामाजिक तथा व्यवहारगत परिवर्तन सम्बन्धी सञ्चार रणनीति र उपायहरू कार्यान्वयन गर्ने। यी उपायले पोषण सम्बन्धी नतिजा सुधार्न नगद स्थानान्तरणको समग्र प्रभावकारिता बढाउन सक्छ। यसका अतिरिक्त, खासगरी सङ्टासन्न जनसंख्याका पोषण परिणामहरू सुधार गर्न सहयोग गर्न बाल अनुदानको पर्याप्तता र क्षेत्रको समीक्षा गर्ने। |
| | प्रदेश स्तरमा गम्भीर स्वास्थ्य समस्या र अकाल मृत्यु न्यूनीकरण गर्ने लक्ष्यहरू तय गर्ने | सेवाको उपलब्धता र गुणस्तरमा सुधार गर्दै (विशेषगरी विपन्न र कमजोर जनसंख्यामा) लाभार्थीहरूको संख्या बढाउनमा केन्द्रित रही लक्षित पोषण र मातृ-शिशु स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने। प्रभावकारी तवरले वितरण गर्न जोखिममा रहेका समूहहरूको पहिचान र अनुगमनलाई सुदृढ बनाउने र कार्यक्रम विस्तारलाई सहयोग गर्न थप आर्थिक स्रोत विनियोजन गर्ने। स्थानीय समुदायका फरक आवश्यकताहरू सम्बोधन गर्न, तिनको सान्दर्भिकता र प्रभावकारिता यकिन गर्ने रणनीति एवं उपायहरूको विकास गर्ने। |
| आधारभूत सीप विकास गर्न प्रारम्भिक सिकाइ अभिवृद्धि | आधारभूत सीपहरू सिक्न ससाना बालबालिकाहरूको तत्परतामा वृद्धि गर्ने | विपन्न र अति सिमान्तकृत समुदायहरूमा पुग्न केन्द्रित रही प्रिस्कुल उमेरका बच्चाहरूका लागि गुणस्तरीय प्रारम्भिक सिकाइ अवसरहरू प्रदान गरेर आधारभूत सीपहरू सिक्न बच्चाहरूमा तत्परता विकास गर्ने। यसमा औपचारिक शिक्षाका कक्षाहरू बीचमा निर्वाध प्रवाह कायम गर्न प्राथमिक विद्यालयहरूसँगै जोडेर शिशु कक्षाहरू स्थापना गरिनुका साथै स्थानीय स्रोत र सांस्कृतिक सान्दर्भिकताको लाभ उठाउने समुदायमा आधारित कार्यक्रमहरू प्रवर्द्धन गर्ने कुरा पर्दछन्। आमाबा र हेरालुहरूलाई बच्चाको पूर्व संज्ञानात्मक, सामाजिक र भावनात्मक विकासमा सघाउने ज्ञान र उपकरणसहित तयार राख्न घरमै गरिने अभिभावकीय सहायता पहलहरूलाई मजबुद बनाउने। यसका अतिरिक्त, पूर्वबाल्यवास्था तहका शिक्षकहरूलाई प्रशिक्षित तुल्याउन, सांस्कृतिक र भाषिक रूपमा उपयुक्त शैक्षिक सामग्रीहरू तयार गर्न पनि लगानी गर्ने। |
| | आधारभूत साक्षरता र हिसाब गर्ने सीप बढाउने | लक्षित शिक्षण, संरचित पाठ्यक्रम र विद्यार्थीका फरक आवश्यकताहरू अनुरूपका सिकाइ रणनीतिहरू जस्ता वैज्ञानिक र कम खर्चिला विधिहरू अपनाउने। विद्यालयका अगुवा एवं शिक्षकहरूलाई यी उपायहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न र कायम राख्न आवश्यक स्रोत, प्रशिक्षण र आर्थिक स्रोतहरू प्रदान गर्ने। कक्षाकोठामा आधारित मूल्याङ्कन, आवश्यक उपकरण र विश्वस्तरको दक्षता मापदण्डसँग मिल्ने ठूला स्तरका राष्ट्रिय मूल्याङ्कनहरूको समग्र संयोजन प्रयोग गरी नियमित रूपमा विद्यार्थीको प्रगति अनुगमन गर्ने। सिकाइ अन्तरहरूको पहिचान गर्न, निर्देशन सम्बन्धी सुधारहरू मार्गदर्शन गर्न र नीतिगत निर्णयहरू प्रदान गर्न सिर्जित डाटाको प्रयोग गर्ने। यसका अतिरिक्त, पाठ्यपुस्तक, कार्यपुस्तक र डिजिटल स्रोत जस्ता उच्च गुणस्तरका सिकाइ सामग्रीहरूको उपलब्धता बढाउने (विशेषगरी कम सेवा र सुविधा भएका विद्यालय र समुदायहरूमा)। सहयोगी सिकाइ वातावरण सिर्जना गर्न र आधारभूत सिकाइ पहलमा स्थानीय स्वामित्वलाई प्रोत्साहित गर्न विद्यालय, अभिभावक र समुदायहरू बीचको सहकार्यलाई मजबुद बनाउने। |
| उत्पादकत्व र रोजगारीमा क्षमता बढावा | युवाहरूलाई श्रम बजारमा जान र जनसांख्यिकीय अवसरका लाभ उठाउने कार्यमा सहजीकरण गर्ने | अदक्ष युवाहरूको ठूलो जमात (विशेषगरी रोजगारी, शिक्षा वा तालिममा नअटाएका) ले उठाएका चुनौतीहरूलाई सम्बोधन गरी विद्यमान जनसंख्याको संक्रमणको लाभ उठाउने। यस समूहको सीप, उत्पादकत्व र रोजगार क्षमता बढाउनका लागि विशेषता, अवरोध र अवसरहरू राम्रोसँग बुझ्न रोजगारी, शिक्षा वा तालिममा नअटाएकाहरुको तथ्याङ्को गहन विश्लेषण गर्ने, भईआएका सर्वेक्षणहरू प्रयोग गर्ने र नयाँ तथ्याङ्क सङ्कलन गर्ने। यी ज्ञानलाई लक्षित कार्यक्रम तथा नीति निर्माण गर्न प्रयोग गर्ने जुन युवा शिक्षा, सीप अभिवृद्धिमूलक प्रशिक्षण र स्वदेशी तथा विदेशी श्रम बजारमा उनीहरूको रोजगार क्षमता बढाउने सीप अभिवृद्धिमा केन्द्रित छ। युवाहरूलाई रोजगारीको प्रचुर सम्भावनाका लागि तयार गर्न र जीवनपर्यन्त सिकाइ एवं पेशागत वृत्तिविकासको गतिशीलतालाई प्रवर्द्धन गर्न बजारको माग अनुसारको सीप अभिवृद्धि गर्ने कार्यक्रमहरू एकत्रित गर्न प्रोत्साहित गर्ने। |

| नीतिगत क्षेत्र | सुझावहरू | प्रमुख कार्यहरू |
| --- | --- | --- |
| | सीप विकासका लागि सार्वजनिक-निजी क्षेत्र बीच साझेदारी निर्माण गर्ने | मुलुक भित्र र अन्तर्राष्ट्रिय श्रम बजारका विकसित आवश्यकताहरूसँग प्राविधिक र व्यावसायिक शिक्षाका साथै विश्वविद्यालय शिक्षा प्रणालीलाई मिल्ने गरी मागमा आधारित प्रशिक्षण कार्यक्रमहरू विकास गर्न निजी क्षेत्रका सरोकारवालाहरूसँगको सहकार्यलाई जोड दिने। उत्पादनमूलक र भविष्यका लागि बलिया कार्यबल तयार गरी सीप विकास पहलमा आर्थिक लगानी गर्नका लागि साझेदारी स्थापना गर्ने। कामदारहरूलाई कार्यस्थलका लागि तयार गर्ने व्यावहारिक ज्ञान र अनुभव प्रदान गर्न कार्यस्थलमा प्रशिक्षणका अवसर, सीप अध्ययन अभ्यास एवं उद्यमशीलता कार्यक्रमहरू विस्तार गर्ने। हरित एवं डिजिटल सीपहरू र आलोचनात्मक सोच, सञ्चार, र अनुकूलनशीलता जस्ता भविष्यका रोजगारीका लागि आवश्यक २१औँ शताब्दीका सीप हासिल गर्न श्रमिकहरूलाई सबल बनाउने कुरामा प्राथमिकता दिने। |
| | रोजगारीका अवसरहरूमा पहुँच विस्तार गर्ने | वृत्तिविकास मार्गदर्शन, सीप अभिवृद्धि र रोजगार नियुक्ति सेवाका केन्द्रका रूपमा सेवा गर्न स्थानीय स्तरमा रोजगार सेवा केन्द्रहरूलाई संस्थागत गरी सुधार गर्ने। विद्यार्थीहरूलाई श्रम बजारको संक्रमणका लागि तयार गर्न र रोजगार सेवा केन्द्रहरुले जागिर खोज्नेहरूका लागि (विशेषगरी युवा र विदेशबाट फर्केर आएका आप्रवासीहरूलाई) रोजगार क्षमता बढाउन र श्रम बजारमा एकत्रित गर्ने कार्यलाई सहजीकरण गर्न लक्षित सहायता प्रदान गर्न विद्यालयहरूमा करियर सम्बन्धी परामर्श कार्यक्रम आयोजना गर्ने। उद्यमशीलता र स्वरोजगारका अवसरहरूलाई टेवा पुऱ्याउने लघु उद्यम विकासका पहल जस्ता रोजगार सेवा केन्द्रहरुमार्फत श्रम बजार कार्यक्रमहरू विस्तार गर्ने। स्थानीय पूर्वाधार र सामुदायिक विकास आवश्यकताहरू पूरा गर्दै छोटा अवधिको रोजगारी प्रदान गर्न सार्वजनिक कार्य सम्बन्धी कार्यक्रमहरू विस्तार गर्ने। सीप अभ्यास कार्यक्रमहरूलाई चुस्त-दुरुस्त बनाउने र रोजगार खोज्ने मानिसहरूलाई कामको अनुभव प्राप्त गर्न र उच्च माग भएका उद्योगहरूसँग मिल्ने किसिमका सीप अभिवृद्धि गर्न सघाउन सहुलियतपूर्ण रोजगार प्लेसमेन्टहरू ल्याउने। रोजगार अनुरुपका सेवा र श्रम बजार जानकारीको पहुँचमा सुधार गर्न रोजगार सेवा केन्द्र सञ्चालनमा डिजिटल प्लेटफर्महरू समावेश गर्ने। |
| | गुणस्तरीय रोजगारी सिर्जनामा जोड दिने | वृद्धि, नवप्रवर्तन प्रोत्साहित गर्न र रोजगारीका अवसरहरू सिर्जना गर्न लघु उद्यम एवं साना तथा मझौला व्यावसायहरूमा निजी लगानी सहजीकरण गर्ने। स्टार्टअप एवं लघु उद्यम एवं साना तथा मझौला व्यावसायहरूको प्रवर्द्धन गर्न व्यवसाय प्रवर्द्धन केन्द्रहरू स्थापना र विस्तार गर्ने जसले तिनलाई प्रशिक्षण, आर्थिक स्रोतको पहुँच र औद्योगिक सञ्जालसँग जोडिने जस्ता महत्वपूर्ण सहयोग प्रदान गर्दछ। नवप्रवर्तन बढाउन र उद्यमीहरूसँग सफल हुन आवश्यक स्रोत र ज्ञान कायम गर्न निजी लगानीकर्ता, शैक्षिक संस्था र विकासका साझदार संस्थाहरू बीचको सहकार्यलाई जोड दिन सार्वजनिक-निजी बीचको साझेदारी बढाउने। |
| | महिलाहरूलाई श्रम बजारमा सहभागी हुन लचिला अवसरहरू सिर्जना गर्ने | कार्यबलमा महिलाहरूको सहभागितामा हुने बाधाअवरोधहरू न्यूनीकरण गर्न समुदायमा आधारित सहायता प्राप्त र स्थलगत बाल हेरचाह कार्यक्रमहरू कार्यान्वयन गरी बाल हेरचाह सुविधा विस्तार गर्ने। औपचारिक कार्यस्थलहरूलाई अभिभावकले पाउने लाभ, गर्भावस्थाको समयको सुरक्षित काम र सुविधा, सुत्केरी आमाहरूका लागि तोकिएको विश्राम समय र कार्यस्थलमा स्तनपान सुविधाहरू जस्ता परिवारमैत्री नीतिहरू अपनाउन प्रोत्साहित गर्ने। लघुउद्यमीका हैसियतमा महिलाहरूलाई सहयोग गर्ने उद्देश्यले सरकारी पहलहरूलाई चुस्त र दुरुस्त बनाउनुहोस्। यसमा लघुउद्यम विकास तथा गरिबी निवारण कार्यक्रमको कार्यान्वयन, समन्वय एवं अनुगमन सुधार गर्न सरकारका सबै तहका संस्थागत व्यवस्था परिमार्जित गर्नुपर्ने कुरा पर्दछन्। |
| | उत्पादकत्व बढाउने उद्देश्यसहित गैर-संक्रामक रोगहरूको बोझ न्यूनीकरण गर्ने | नसर्ने रोगहरूको बोझ कम गर्न र कार्यबलको उत्पादकत्व सुधार गर्न वृहत्तर रणनीतिहरू कार्यान्वयन गर्ने। नसर्ने रोगहरूको बढ्दो बोझ र व्यापताकतालाई सम्बोधन गर्न रोकथाम, समयमै गरिने निदान र कम खर्चिलो उपचारमा केन्द्रित उच्च गुणस्तरका रणनीति एवं उपायहरूलाई प्राथमिकता दिने। सन्तुलित आहार, नियमित व्यायाम गर्ने र सुर्ती तथा मदिराबाट मुक्त हुने जस्ता आरोग्यताको जीवनशैलीलाई प्रोत्साहित गर्ने समुदायमा आधारित सचेतना अभियानहरू बढाउने। रोकथाम सम्बन्धी हेरचाह र परीक्षण कार्यक्रम वितरण गर्न प्राथमिक स्वास्थ्य सेवा प्रणालीहरूलाई चुस्त दुरुस्त बनाउने, नसर्ने रोगहरूको समयमै पहिचान र व्यवस्थापन गर्ने। त्यस्ता रोगको व्यवस्थापनमा नवप्रवर्तन बढाउन टेलिमेडिसिन तथा मोबाइल स्वास्थ्य एपहरू जस्ता डिजिटल स्वास्थ्य समाधानहरू मार्फत सुविधा विस्तार गर्न निजी क्षेत्रसँगको साझेदारी बढाउने। |

| नीतिगत क्षेत्र | सुझावहरू | प्रमुख कार्यहरू |
|---|---|---|
| मानिस र सामाजिक सेवाको उत्थानशीलता वृद्धि | थप उत्थानशील शिक्षा प्रणाली विकास गर्ने | प्राकृतिक विपद् तथा अन्य अवरोधहरूको सामना गर्न र रिकभरी प्राप्त गर्न शिक्षा प्रणालीको क्षमतामा सुधार गर्ने। आपतकालीन समयका लागि अस्थायी सिकाइ केन्द्रहरू स्थापना गर्न विद्यमान सुविधाहरूलाई विपद् उत्थानशील बनाउँदै कोष जुटाएर विद्यालय पूर्वाधार बलियो बनाउने। महामारी वा प्राकृतिक विपद् जस्ता घटनाका कारण एक्कासी विद्यालय बन्द हुँदाको अवस्थामा शिक्षाको निर्वाध सञ्चालनका लागि ईलर्निङ मोड्युल, डिजिटल प्लेटफर्म र अफलाइन शैक्षिक सामग्रीहरूको विकास र प्रवर्द्धन गर्ने। सिकाइ घाटा कम गर्न र विद्यार्थीको संलग्नता बढाउन शिक्षकहरूलाई प्रभावकारी ढङ्गले दूर तथा मिश्रित सिकाइ प्रवाह गर्न तालिम दिने। |
| | स्वास्थ्य प्रणालीको उत्थानशीलता मजबुद बनाउने | जलवायु उत्थानशील स्वास्थ्य पूर्वाधार निर्माण गर्दा रोगको प्रकोप र अन्य आपतकालिन अवस्थाहरू पत्ता लगाउन, रोक्न र प्रतिकार्य प्रदान गर्न स्वास्थ्य प्रणालीको क्षमता बढाउने। समयमै समस्या पत्ता लगाउने कार्य सुधार गर्न अनुगमन स्थल लगायतका रोगको निगरानी गर्ने सञ्जालहरू विस्तार गर्ने। समयमै र सही निदानका लागि प्रयोगशाला सञ्जालको स्तरोन्नती गर्ने। स्थानीय सरकारहरूलाई आपतकालीन तयारी योजनाहरूसहित दुरुस्त राख्ने र आइपर्ने संकटको प्रभावकारी तवरले सामना गर्न द्रुत प्रतिकार्य टोलीहरूलाई प्रशिक्षण दिने। आपतकालिन समयका लागि चाहिने आवश्यक खोप र औषधिहरू भण्डारण गर्ने। बाढी, भूस्खलन र भूकम्प जस्ता प्राकृतिक विपद्हरूको सामना गर्न स्वास्थ्य सुविधाहरूलाई चुस्त र दुरुस्त राख्ने। यसका अतिरिक्त महत्वपूर्ण स्वास्थ्यकर्मीहरूलाई तालिम दिने र आपतकालीन प्रतिकार्य समन्वय र सञ्चारका लागि डिजिटल उपकरणहरू सञ्चालन गर्ने। |
| | औपचारिक र दिगो सामाजिक सुरक्षा संस्थागत गर्ने | निर्देशिकाहरूको कार्यान्वयन तथा एकीकृत सामाजिक रजिस्ट्री स्थापना गरी आकस्मिक विपद् व्यवस्थापन गर्न सक्ने सामाजिक सुरक्षा संस्थागत गर्नुहोस्। यस रजिस्ट्रीले संकटको समयमा सहयोग गर्नुपर्ने जनसंख्याको सही पहिचान गर्न सघाउनुका साथै समयमै र लक्षित सहायता प्रदान गर्दछ। प्राकृतिक प्रकोप, आर्थिक मन्दी वा आकस्मिक स्वास्थ्य अवस्थाहरूलाई लचिलो हिसाबले सामना र व्यवस्थापन गर्न सक्ने सामाजिक सुरक्षाका उपायहरू लागू गर्न संस्थागत क्षमतालाई चुस्त-दुरुस्त राख्ने। |
| | अनौपचारिक क्षेत्रका कामदारहरूको सामाजिक सुरक्षा विस्तार गर्ने | प्रायः आर्थिक र सामाजिक विपदका समयमा अति कमजोर रहने अनौपचारिक क्षेत्रका कामदारहरूलाई समेट्न सामाजिक सुरक्षा कोषको कार्यान्वयनलाई अघि बढाउने। स्वास्थ्य सेवाको दायरा, बेरोजगारी लाभ र वृद्धावस्थाको पेन्सन जस्ता अनौपचारिक कामदारका विशेष आवश्यकताहरू सम्बोधन गर्ने सुविधा विकास गर्ने। नियुक्ति प्रक्रियालाई सरल बनाउने र अनौपचारिक कामदारहरूको सहभागितालाई प्रोत्साहित गर्न सचेतना अभियानहरू सञ्चालन गर्ने। यसले उनीहरूको सामाजिक र आर्थिक सुरक्षा बढाउने छ। |

# सन्दर्भ सूची

अलारेफ, जुमाना जमाल सुभी, पाटिल, ऐश्वर्या शिवाजी; रहमान, तस्मिया; मुनोज बौडेट, आना मारिया। नेपालमा महिला श्रम शक्तिको सहभागिता: सामाजिक मानदण्डहरूको भूमिकाको अन्वेषण (अंग्रेजी)। नीति अनुसन्धान कार्यपत्र, सङ्ख्या। डब्ल्युपीएस १०८१०, पिपुल, आरआरआर वासिङ्टन, डीसी: विश्व बैंक समूह।

अल्कुनाबेट, ए., हर्स्ट, सी. एच., एल-साहर्ती, एस. र अल्विजानी, ए. (२०२१)। साउदी अरबमा असंक्रामक रोगहरू: रोकथामका लागि प्रभावकारी उपायका कार्यहरू। वासिङटन, डीसी।

फिल्मर, डी., रोजर्स, एच., एन्म्रिस्ट, एन., र सरबरवाल, एस. (२०१८)। सिकाइ समायोजित वर्षहरू (लेज): शिक्षाको नयाँ वृहत मापनको परिभाषा। २०१९ को विश्व विकास प्रतिवेदनको पृष्ठभूमि दस्तावेज, नीति अनुसन्धान कार्यपत्र ८५९१।

फ्लेबी, एल. र गेटी, आर. (२०१८)। मानव पूँजी गाइड। विश्व बैंक नीति अनुसन्धान कार्यपत्र सङ्ख्या ८३०९। https://papers.ssrn.com/sol3/papers.cfm?abstract_id=3105769

हनुशेक, ई.ए., र वस्मान, एल. (२०२०)। सिकाइमा हुने समस्याका आर्थिक प्रभावहरू। ओईसीडी शिक्षा कार्यपत्र सङ्ख्या २२५। https://dx.doi.org/10.1787/21908d74-en

जोन्स, बी (२०१४)। मानव पूँजी स्टक: सामान्यीकृत दृष्टिकोण। अमेरिकी आर्थिक समीक्षा, १०४(११), ३७५२-३७७७। डिओआई: १०.१२५७/एईआर.१०४.११.३७५२

कुमार, एम., र पाण्डे, एस. (२०२१)। भारतमा औपचारिक र अनौपचारिक नियमित कामदारहरू बीच पारिश्रमिकको अन्तर: राष्ट्रिय नमूना सर्वेक्षणको प्रमाण। नयाँ बजार अर्थतन्त्रहरूको विश्व जर्नल, १३(१), १०४-१२१। https://doi.org/10.1177/0974910121989458

लियोन सोलानो, आर., अलारेफ, जे., मर्कूस, डी., माजोका, जेड., सब्बि, एम.ए., लोरेन्जो, ई. (२०२४)। दक्षिण एशियामा सामाजिक सुरक्षाको पुनर्विचार: प्रगतिशील सार्वभौमवाद तिर। वासिङ्टन, डीसी: विश्व बैंक। http://hdl.handle.net/10986/41828

पेनिङ्गस, एस. (२०२०)। उपयोग समायोजित मानव पूँजी सूचकाङ्क (युएचसीआई): मानव पूँजी सूचकाङ्क २०२० अपडेट। नीति अनुसन्धान कार्यपत्र ९३७५।

रहमान, एम., भट्टाचार्य, डी., र अल - हसन, एम (२०१९)। बङ्गलादेशको श्रम बजारमा अनौपचारिकताको आयाम र पारश्रमिकमा कटौतीको कारण। दक्षिण एशिया आर्थिक जर्नल, २०(२), २२४ -२४७। https://doi.org/10.1177/1391561419850303

रुपर्ट बुल्मर, ई., श्रेष्ठ, ए., र मार्शलियन, एम. (२०२०)। विश्व बैंकको नेपाल जब्स डायग्नोस्टिक। विश्व बैंक, वासिङ्टन, डीसी। लाइसेन्स : क्रियटिभ कमन्स एट्रीब्युसन सी बाइ ३.० आईजीओ। प्रतिवेदन सङ्ख्या: पी१६३१४१

विश्व बैंक (२०२०)। नाइजेरियाको जनसांख्यिकीय लाभांश ? नाइजेरियाको इआरजीपी २०१७-२०२० को समर्थन नीतिगत टिप्पणी। https://documents1.worldbank.org/curated/en/767341550814839218/pdf/Nigeria-Demographic-Dividend-Policy-Note.pdf

विश्व बैंक (२०२१)। मानव पूँजी सूचकाङ्क २०२० अपडेट: कोभिड-१९ को समयमा मानव पूँजी। विश्व बैंक, वासिङ्टन, डिसी। डिओआई: १०.१५९६/९७८-१-४६४८-१५५२-२

yo

यो प्रतिवेदन यहाँ बाट डाउनलोड गर्नुहोस्
वा क्यूआर कोड स्क्यान गर्नुहोस्

WORLD BANK GROUP